# व्यवहारिक प्रज्ञा



लेखक

भिक्षु अश्वघोष

अनुवादक

भिक्षु संघरक्षित

Downloaded from http://dhamma.digital/

अश्वघोष महास्थविर स्मृति प्रकाशन- ००१

# व्यवहारिक प्रज्ञा


लेखक

भिक्षु अश्वघोष

☎ ४-२५९११०

अनुवादक

भिक्षु संघरक्षित "सद्धम्म कोविद"

☎ ४-२१६०११


Downloaded from http://dhamma.digital/

प्रकाशक : अश्वघोष महास्थविर स्मृति प्रकाशन
काठमाडौं, नेपाल

कभर डिजाइनरः नरेश कुमार शाक्य, लगन

कम्प्यूटरः संघरक्षित, संघाराम

प्रकाशनः बु.सं. २५४९, वि.सं.२०६२ असोज
ने.सं. ११२५, इ.सं. २००५

प्रथमावृत्तिः १००० प्रति मात्र।

मूल्यः रु. १५/-

मुद्रणः स्काइ हाउस
क्षेत्रपाटी, काठमाडौं

---

"Byabaharik Pragya"
By Bhikkhu Aswaghosh

Translated in Nepali by
Bhikkhu Sangharakshit

Published by
Aswaghosh Mahathera Memorial Publication

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# मेरो मनको कुरा

म बुद्धको शिक्षा प्रचार गर्ने आकांक्षा राखेर भिक्षु भएको थिएं । धर्मप्रचार गर्नको लागि योग्यता पनि चाहिन्छ । हाम्रा गुरू पूज्य अमृतानन्द भन्तेले मलाई श्रीलंकामा पठाउनुभई बुद्धधर्म अध्ययन गराउनुभयो । धर्म प्रचार गर्नको लागि ज्ञानमात्र भएर पुग्दैन । तालिम पनि हुनुपर्ने रहेछ । तालिम भनेको ढंग पुग्नुपर्ने हो ।

बुद्धको शिक्षामा शील, समाधि र प्रज्ञा तीनवटा कुरा रहेका छन् । धर्मप्रचार गर्नेहरूमा यी तीन कुराहरू हुनुपर्ने रहेछ । यी तीनवटाका बारेमा पूर्णतः तालिम नभए पनि शरीर बलियो भएको युवक अवस्थामा गाउँ-गाउँमा गएर आफूले जानेको बुद्धको शिक्षा प्रचार प्रसार गरें । पुस्तकहरू पनि लेखेर प्रकाशन गरें । अब बृद्ध पनि भएं । ७९ वर्ष पुगें । स्वास्थ्य कमजोर भएर आइसकेको हुनाले टाढा जान असमर्थताको कारण पुस्तक लेखेर प्रकाशन गरी प्रचार गर्नु राम्रो लाग्यो । दान आएको पैसाको सदुपयोग पनि हुने भयो । दान दिने दाताहरूलाई पनि पुण्य लागोस् भन्ने कामना गर्दछु ।

Downloaded from http://dhamma.digital/

यो पुस्तकको नाम व्यवहारिक प्रज्ञा हो । ३५ वर्ष अगाडि नेपालभाषाबाट लेखी प्रकाशन गरिराखेको थिएं । धेरैलाई काम लाग्ने किसिमले नेपालीभाषाबाट छाप्नुपर्ने देखेकोले मैले आफ्नै शिष्य भिक्षु संघरक्षितलाई नेपालीभाषाबाट अनुवाद गर्न दिएं । सरल भाषाबाट अनुवाद गरिदिएकोमा संघरक्षितलाई धेरै साधुवाद छ । आयुआरोग्य लाभ होस् ।

- **भिक्षु अश्वघोष**

श्रीघः विहार
२६ असोज, २०६२
सम्राट अशोकले शस्त्रत्याग गरेको विजयादशमी शुभकामना ।

Downloaded from http://dhamma.digital/

# अनुवादकको आफ्नो कुरा

दुई वर्ष अघि श्रद्धेय अश्वघोष महास्थविरको बारेमा अनुसन्धानपत्र (Thesis) तयार गर्दा उहाँका विभिन्न बुद्धशासनिक योगदानहरू अध्ययनका क्रममा एक योगदान रहेको थियो- **सयौं ग्रन्थहरूका ग्रन्थकारका रूपमा भिक्षु अश्वघोष महास्थविर** । उहाँले सयभन्दा बढी पुस्तकहरूको लेखन, सम्पादन गर्नुभई प्रकाशित समेत गरिसक्नुभएको छ ।

पुस्तक प्रकाशनमा होस् अथवा लेख-रचना लेखनमा, उहाँको आफ्नै शैली रहेको कुरा धेरैलाई ज्ञातै होला । उहाँलाई आफ्नो विद्वत्ता देखाउनु र भाषागत नियममा बाँधिनुभन्दा बरु सामान्य पाठकहरूले सहजै बुझ्नसक्ने, बुझेर व्यवहारमा पालन गर्नसक्ने किसिमका हुन्छन् । तसर्थ पनि हो, उहाँ बुद्धका अनगिन्ती गम्भीर उपदेशहरूलाई भन्दा पनि व्यवहारिक शिक्षा तथा नैतिक उपदेशहरूलाई बढी जोड दिनुहुन्छ, असल मान्छे बनाउने शिक्षा प्रकाशमा ल्याउनुहुन्छ ।

उहाँका अधिकांश पुस्तकहरूलाई पाठकवर्ग बडो स्वादका साथ पढ्ने र बुझ्ने गर्दछन् । उहाँका पुस्तकहरू पढेर प्रायःले प्रशंसा गर्ने गर्दछन् । यस्तै प्रशंसामा बढी प्रशंसा सुनिएको एक पुस्तक हो- **व्यवहारिक प्रज्ञा** । पाठकहरूले बुझ्ने शैलीमा रचना गरिएको यस पुस्तक धेरैले माग गरिराखेको र समुच्चा

Downloaded from http://dhamma.digital/

नेपालीहरूलाई नै बुझ्ने किमिमले पुनः प्रकाशनमा ल्याउनुपर्ने तड्कारो थियो । वि.सं. २०४७ सालमा प्रकाशित "व्यवहारिक प्रज्ञा" पुस्तक अनुवाद गर्ने कुरालाई उहाँबाट सहर्ष स्वीकार गर्नुभएकोले नै यो पुस्तक नेपाली भाषामा यहाँहरू समक्ष सार्वजनिक भएको छ, जुन सुखद विषय भएर रहेको छ ।

यो पुस्तक केवल नेपाली भाषामा अनुवादमात्र होइन, उहाँद्वारा रचित व्यवहारिक शिक्षालाई सबै नेपालीहरूसामु अघि राख्नुमात्र होइन, अपितु यो श्रम, यो अनुवादन आफ्ना गुरूवर श्रद्धेय भिक्षु अश्वघोष महास्थविरप्रतिको सम्मान हो, आफ्नो श्रद्धा हो । यथार्थतः उहाँ गुरूवरकै छत्रछायाँमा मैले बुद्धशासनमा प्रव्रजित हुने मौका पाएको छु, उहाँकै हात समातेर बुद्धशासनिक कार्यमा अघि लाग्न जानेको छु, उहाँप्रति नतमस्तक हुनु, कृतज्ञ हुनु कुनै आश्चर्य नहोला । उहाँको साथ र आशीर्वाद पाएर आगामी समयमा पनि उहाँको बुद्धशासनिक योगदानमा सहयोग गर्न तथापि उहाँप्रतिको कृतज्ञगुण उजागार गर्न म सदा तम्तयार रहेको छु ।

यो श्रम, यो मेहनत अनि यसबाट संचित पुण्यप्रभावले उहाँ गुरूवर श्रद्धेय अश्वघोष महास्थविरको सर्वदा निरोगी, सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दछु ।

सबैको जय होस् । भवतु सब्ब मंगलं ।

२०६२ अशोज ३१ गते (कतिंपुन्हि)
वर्षावास समाप्ति/दिपंखा यात्रा

– भिक्षु संघरक्षित

Downloaded from http://dhamma.digital/

# व्यवहारिक प्रज्ञा

भगवान् बुद्धले दिनुभएको शिक्षामध्ये मूख्य तीन कुरा रहेको छ-

१. **शील** अर्थात् सदाचार,

२. **समाधि** अर्थात् एकाग्रता, र

३. **प्रज्ञा** अर्थात् विवेकबुद्धि ।

## शील के हो ?

शील भनेको चरित्र शुद्ध बनाउने राम्रो आचरण व्यवहारलाई भनिन्छ । भिक्षुहरू तथा अनगारिकाहरू बस्नुहुने विहार-विहारहरूमा गइराख्ने उपासक-उपासिकाहरूले शील भनेको पञ्चशील, अष्टशील प्रार्थना गर्नेलाई मात्र लिइन्छ । भिक्षुहरू पनि जुनै पुण्यकार्य गर्नु अगाडि पञ्चशील प्रार्थना गर्नुपर्दछ


Downloaded from http://dhamma.digital/

भन्ने गरिन्छ । यो राम्रो चलन भए पनि आफूले बुझेअनुसार शील प्रार्थना गर्नु र दिनुभन्दा पनि पालन गर्नुपर्ने कुरा हो । दैनिक जीवन यापन गरिंदा राम्रोसँग कामकुरा सम्पन्न गर्नु, अरूलाई बाधा नदिई बाँच्नु, अरूले असल छ, ज्ञानि छ भन्नु, यही नै हो शील र शीलवान हुनु, सदाचारी बन्नु ।

## समाधि के हो ?

समाधि भनेको चित्त चंचल नबनाई गर्न लागेको काममा दृढ बन्नु हो । नराम्रो काममा होइन, राम्रो काममा मन दृढ बनाउनु, किताब पढिराख्दा पानामात्र पल्टाएर बस्ने होइन कि के पढिरहेको छु भन्ने राम्ररी बुझ्नु, काम गरिराख्दा के काम गरिरहेका छु, कुरा गरिराख्दा के कुरा गरिरहेको छु भनी होश राखेर नराम्रोबाट अलग्गिनु समाधि हो । रिस उठ्दा रिस उठ्यो भनी जानेर संयमित बन्नु समाधि हो । रक्सी खाने बेला रक्सी खाँदैछु भनी होश भएको भए रक्सीले मातेर बेहोश बनिराख्नु पर्दैनथ्यो ।

शील र समाधि दुइटा पनि प्रज्ञा नभई हुँदैन । प्रज्ञा नभएको शील र समाधि पनि देखावटी मात्र



Downloaded from http://dhamma.digital/

हुन्छ। भित्रैबाट शील र एकाग्रता हुँदैन। शील नभएको प्रज्ञा पनि भित्रबाट बलियो नभएको केराको बोटजस्तै खोक्रो मात्र हुनजान्छ।

## प्रज्ञा के हो ?

प्रज्ञा कसलाई भनिन्छ ? यसबारेमा आफूले जानेसरि सामान्यतः चर्चा गरूं अर्थात् बुझ्ने प्रयास गरूं। बुद्धको उपदेश लौकिक र लोकोत्तर भनी दुईथरि छन्। साधारण जनताका लागि लौकिक ज्ञानमात्र कामलाग्ने हुन्छ। लोकोत्तर ज्ञान भने महापुरूषहरूको लागि र निर्वाणज्ञान साक्षात्कार गर्नको लागि हो। संसारमा सबै अनित्य छ, दुःख छ, अनात्मा छ भन्ने भित्रैदेखि जानेर काम गर्दै जानु, यो सामान्यतः जनताहरूका लागि सजिलो कुरा होइ न। पारिवारिक गृहस्थीहरूले निर्वाण लाभ गर्ने असम्भव नभए पनि गाह्रो त पक्कै हो। बुद्धधर्मअनुसार त परिवारमा बसेर पनि दुःखबाट मुक्त हुनसकिन्छ तर बौद्ध साहित्यअनुसार असम्भव भने पनि बढी हुँदैन। प्रत्येक क्षणमा, बिहानदेखि बेलुकिसम्म प्रज्ञा (विवेकबुद्धि) र होश भएमा मात्र दुःखमुक्त निर्वाण प्राप्त गर्न सकिन्छ, चाहे गृहस्थीहरू नै किन नहोस्।


Downloaded from http://dhamma.digital/

यहाँ म लौकिक प्रज्ञाको बारेमा मात्र कुरा अघि सार्दैछु किनभने लोकोत्तर प्रज्ञाका बारेमा मैंले पनि राम्ररी बुझेको छैन । त्यत्ति ज्ञान पनि छैन । आफूसँग नभएको ज्ञानको बारेमा म के भन्न सकुंला र ।

## बुद्धको मूल शिक्षाः प्रज्ञा

विशेष प्रकारको विवेकबुद्धिलाई प्रज्ञा भनिन्छ । राम्रो-नराम्रो छुट्याउन सक्ने शक्ति नै प्रज्ञा हो । मानिसलाई मानिस बनाउने शिक्षा नै प्रज्ञा हो । मानिसलाई मानिस बनाउने शिक्षा बाहिरबाट आउँछ तर प्रज्ञा मनभित्रबाट आउँछ । ज्ञान र जानकारी समझदारीभित्रबाट अनुभव हुन्छ तर ज्ञान र समझदारीमा धेरै अन्तरता छ । ज्ञानले मानिसलाई विद्वान् बनाइदिन्छ, तर ज्ञानी होइन । बुझेर काम गऱ्यो भने व्यवहारमा राम्रो भयो भने मात्र मानिस ज्ञानी हुन्छ । यो सबै प्रज्ञा भएमा मात्र हुन्छ तर श्रद्धा नभएको प्रज्ञा केवल भौतिक मात्र हुनजान्छ । प्रज्ञाको मूल्य हुने पनि श्रद्धा र शीलले हो । त्यसरी नै श्रद्धाको मूल्य हुने प्रज्ञाले हो । श्रद्धा नभएको प्रज्ञाले मानिसलाई



Downloaded from http://dhamma.digital/

स्वार्थी बनाइदिन्छ । शोषक, छलकपटी र ढोंगी बनाइदिन्छ । उदाहरणका लागि यहाँ एउटा घटना प्रस्तुत गरिन्छ ।

## वकिलको प्रज्ञा

बाटोमा हिडिंरहेको एकजना मानिसले वकिल एकजनालाई सोध्यो- "फलानो ठाउँमा पुग्न कति घण्टा लाग्छ ?"

वकिलको जवाफ थियो- "सरासर हिंड्यो भने पुग्छ ।"

कस्तो मान्छे होला भनी त्यो मान्छे सरासर अगाडि बढ्यो । २० पाइला जति ऊ हिडिंसकेपछि फेरि वकिलले उसलाई बोलाउँदै भन्यो- "तिमी एक घण्टा जति हिंड्यो भने त्यो ठाउँमा पुगिन्छ ।"

त्यो पथिकले भन्यो- "यही कुरा अघि सोधेको बेला नै किन नभनेको त ?"

वकिलले जवाफ दियो- "मलाई थाहा छ र तिमी खरायो जस्तै छिटो छिटो हिंड्ने हो कि अथवा चिप्लेकिरा जस्तै विस्तारै हिंड्ने हो । अब मैले देखें नि तिम्रो हिंडाइको ढंग ।"

त्यो पथिक त लाटा बनेर बस्यो । यहाँ वकिलसँग


Downloaded from http://dhamma.digital/

प्रज्ञा त छ तर अरूलाई लाटा बनाउने प्रज्ञा हो । श्रद्धा र करूणा नभएको प्रज्ञा होइन । हामीलाई चाहिएको त आफूलाई पनि अरूलाई पनि उपकार हुने व्यावहारिक ज्ञान हो ।

## विद्यार्थीको प्रज्ञा

व्यावहारिक प्रज्ञा भनेको बुझाउनको लागि अर्को एउटा उदाहरण प्रस्तुत गर्नु राम्रो होला । माष्टर एकजनाले दुई जना विद्यार्थीको बुद्धि परीक्षा गर्न १०-१० रूपियाँ दिएर भन्यो- "१० रूपियाँले रातभरि आफूले एउटा एउटा कोठामा जे भए पनि भरिराख्नुपर्छ ।"

एकजनाले १० रूपियाँको काम नलाग्ने पराल आदि ल्याएर भरिदियो । अर्कोचाहिंले २-३ रूपियाँ खर्च गरेर तेलको बत्ति ल्यायो र रातभरि बालिदियो । अँध्यारो कोठामा अहोरात्री उज्यालो प्रकाश भरिदियो । पैसा पनि बचायो । माष्टरले बत्ति बाल्ने विद्यार्थीलाई बुद्धि भएको साबित गरी पुरस्कार दियो ।

## प्रज्ञाको प्रकार

अब जाऔं प्रज्ञा हुने बाटोतिर । पालि साहित्यमा प्रज्ञा प्राप्त हुने तीन तरिका छन् अर्थात् तीन प्रकारका प्रज्ञा उल्लेखित छन्-



Downloaded from http://dhamma.digital/

१. श्रुतमय प्रज्ञा,

२. चिन्तनमय प्रज्ञा, र

३. भावनामय प्रज्ञा ।

## श्रुतमय प्रज्ञा

सोधपुछ गरी, किताब पढी, अथवा धर्मदेशना सुनेर प्रज्ञा बढाउनुलाई श्रुतमय प्रज्ञा भनिन्छ । यो कुरा बुझाउनको लागि एउटा घटनात्मक कथा प्रस्तुत गर्दछु ।

## श्रुतमय प्रज्ञाले चोर भएन

एकजना राजाको ढुकुती हेर्ने एक ब्राह्मण थियो । उसको कुनै सन्तान थिएन । धेरै समयपछि मात्र उसको स्वास्नी गर्भवती भइन् । दश महिनापछि उसको स्वास्नीले छोरा नै जन्माइन् । ब्राह्मणलाई आफ्नो छोरा ज्योतिषलाई देखाएर भविष्यमा के हुने हो जान्न मनलाग्यो ।

बच्चाको कुण्डली बनाएर ज्योतिषलाई देखाउँदा पो थाहा भयो, त्यो बच्चा त भविष्यमा गएर चोर हुने रहेछ । ज्योतिषको भविष्यवाणीले ब्राह्मणको मन असाध्यै दुख्यो । विवाह गरेर धेरै वर्षपश्चात् पाएको



Downloaded from http://dhamma.digital/

छोरा पनि पछि गएर चोर बन्ने परेछ । बरू त्यो छोरा जन्मँदै नजन्मेको भए हुन्थ्यो नि जस्तो लाग्यो ।

फेरि उसको मनमा लाग्यो, ज्योतिषहरूले भनेको सबै कुरा सत्य पनि नहुन सक्छ । बच्चालाई राम्ररी शिक्षा दिएर असल मानिसहरूको संगत गरायो भने त चोर नहुन पनि सक्छ ।

यसरी विचार गरी उसले आफ्नो छोरालाई अलि ठूलो हुनासाथै एउटा राम्रो गुरूकुलमा भर्ना गरि दियो । गुरूलाई पनि विशेष अनुरोध गऱ्यो- "भो गुरूज्यू, यो बालकलाई त्यस्तो शिक्षा दिनुहोस् कि यसले जुनै समयमा पनि जुनै काम गर्न लाग्दा पनि होश राख्न सकोस् । चोर्न लाग्दा पनि चोर्नु हुँदैन, चोर्नु पाप हो भन्ने कुरा राम्ररी जान्न सकोस्, त्यसबाट अलगिन सकोस् ।"

गुरूले उसको कुरा बुझिहाल्यो । उनले बालकलाई १२ वर्षसम्म संगै राखेर खूब तालिम दियो । राम्रो चीजवस्तुहरू परीक्षाको लागि त्यसै बाहिर राखिदिन्थे । त्यो बालक आएर लिन लाग्यो भने पनि गुरूले भनिहाल्थ्यो- "हे शिष्य, के गर्न लागेको ? अरूको कुनै पनि कुरा चोर्नु हुँदैन । अरूले तिमीलाई चोर भन्नेछ । समात्यो भने धेरै दुःख दिनेछ । तिम्रो नाममा दाग लाग्नेछ । आदि ।"



Downloaded from http://dhamma.digital/

यसरी गुरूले राम्रोसंग शिक्षादिक्षा दिएर १२ वर्षसम्म तालिम दियो । त्यसपछि त्यो बालक ठूलो भएर घरमा आयो । बाबुचाहिं आफ्नो छोरा तालिम लिएर आएको र ज्ञानी भएको देखेर साह्रै खुशी भयो । आफू दरबार जाने बेलामा आफ्नो छोरालाई पनि साथमै लग्यो। छोरालाई दरवारमा त्यसै छोडेर बाबुचाहिं आफ्नो काममा लाग्यो ।

छोराचाहिं दरवारको यताउता घुम्न थाल्यो । उसले दरवारमा राम्रा राम्रा चीजवस्तुहरू देख्यो । हात बढाएर लिन मन पनि लाग्यो । फेरि उसले आफ्नो मनलाई भन्यो, ए, चोर्नु हुँदैन, समातेर लानेछ, दुःख दिनेछ, नाम बदनाम हुनेछ, बाबुको इज्जत जानेछ ।

यसरी विचार गरी बढिसकेको हात पनि पछाडि सार्‍यो । यस्तो क्रम धेरैपल्ट चल्यो । अन्ततः उसले चोरेन । ऊ जाँचमा पास भयो । ज्ञानी भयो ।

उसको विद्वत्ता र सच्चरित्र देखिरहेका राजाले प्रभावित भएर उसलाई बूढो भइसकेको बाबुचाहिंको ठाउँमा राखिदियो। यो घटनाले स्पष्ट हुन्छ, ज्ञानगुणका कुरा सुनेर प्रज्ञा भयो ।


Downloaded from http://dhamma.digital/

यहाँ प्रज्ञा भनेको विद्वान् हुनुमात्र होइन। नराम्रा कामकुरा गर्ने इच्छा भएमा त्यसलाई नराम्रो काम हो भनी जानेर त्यसबाट अलग्गिन सक्नु नै प्रज्ञाको लक्षण हो। थाहाछैन, हामीमा यस्तो प्रज्ञा कहिले मात्र हुने हो।

## चिन्तनमय प्रज्ञा

हामीलाई चाहिरहेको व्यवहारिक प्रज्ञा हो। समाजबाट अलग्ग भएर बस्ने प्रज्ञा होइन। जसरी पनि कलह नहुने गरी पारिवारिक जीवन र समाजिक तथा धार्मिक जीवन आनन्दले बिताउन पाउने प्रज्ञा चाहिरहेको हो। सुनेभैं चिन्तनशक्ति भएन भने बुद्धि काम लाग्दैन। काउँ हेरी काम गर्न सक्तैन। केवल पढिराखेको ज्ञान र विद्वत्ताले काम दिंदैन। विवेकबुद्धि चाहिन्छ, चिन्तनशक्ति चाहिन्छ। यो कुरा बुझाउनको लागि एउटा उदाहरण प्रस्तुत गर्दछु।

## राजाको चिन्तनशक्ति

एकजना राजा थियो। एकजना भिक्षुको उपदेश सुनेर र राम्रो आचरण देखेर उनको मन प्रसन्न भयो अथवा भनुं, मन प्रभावित भयो। त्यसो भनेको भिक्षुप्रति श्रद्धा उत्पन्न भयो।



Downloaded from http://dhamma.digital/

राजाले ती भिक्षुलाई विहार एउटा निर्माण गरिदियो । राजाले दैनिक आफू जसरी खाने हो, त्यसरी नै मासु-माछा राखेर दरबारबाट खाना दिन पठाउने भयो । दरबारको खाना खाएदेखि त्यो भिक्षु मिठो खानेमा पल्कियो । जनताहरूको खाना मुखबाट भित्र गएन । सिद्धार्थ कुमार राजगृहमा पहिलो पटक भिक्षा जानुहंदा जनताको खाना मुखबाट भित्र गएन भनेको कुरा साँच्चै रहेछ । त्यसैले बुद्ध बरोबर भिक्षुहरूलाई भन्नुहुन्छ- आशक्त नहुनु, नपल्किनु ।

त्यो भिक्षु माछा, मासु नभई खाना खान नसक्ने भयो । त्यतिबेला पनि पसलमा मासु नहुने एकादशी जस्तो दिन रहेछ । पहिला पहिला दरबारमा पनि त्यो दिन मासु नहुने जस्तो देखिन्छ । त्यस्तो दिनमा मासु बिनाको भोजन खानुपर्दा ती भिक्षुलाई भोजन पनि रुचेन । विहारको नजिकै माछा भएको एउटा पोखरी थियो । मासु नहुने जानेर पहिला नै ती भिक्षु उक्त पोखरीमा माछा मार्न जाने गर्थ्यो ।

एकदिन त्यो भिक्षु मासु नपाउने जानेर पोखरीमा माछा मार्न गएछ । माछा मार्दा मार्दै समय गएको पत्तो नै पाएन । दरबारबाट भोजन लिएर आएका


Downloaded from http://dhamma.digital/

मानिसहरू विहारमा आउँदा भिक्षुलाई देखेन । भन्ते (भिक्षु) कहाँ जानुभयो भनी यताउता हेर्दै जाँदा माछा मारिरहेको भिक्षुलाई देख्यो । त्यो भिक्षु पनि दरबारबाट भोजन ल्याउने मानिसहरू देख्नासाथ माछा समात्ने बल्छि त्यहीं फाली लाजले झुकेर पखाल मुनि-मुनिबाट विहारतिर भागे ।

दरबारबाट भोजन ल्याउने मानिसहरूले मन बिगारे । माछा मारेर खाने भिक्षु नै होइन, त्यस्तो भिक्षुलाई भोजन पनि दिन्न भनी उनीहरूले दरबारमा नै भोजन फिर्ता लगे ।

उता राजाले सोधे- "किन, भन्ते विहारमा हुनुहुन्न र ? भोजन किन फिर्ता ल्यायौ ?"

उनीहरूले भने- "महाराज, त्यो भिक्षु नै होइन । हामी जाँदा त्यो भिक्षुले माछा मारिरहेको थियो । त्यसैले हामीले भोजन फिर्ता नै ल्याएं ।"

राजाले सोधे- "तिमीहरूले नै देखेको हो र त्यो भिक्षुले माछा मारिरहेको ?"

उनीहरूले भने- "हाम्रै आँखाले नै देखेको हो, महाराज !"



Downloaded from http://dhamma.digital/

राजाले फेरि सोधे- "तिमीहरूलाई त्यो भिक्षुले देखेको हो कि होइन ?"

उनीहरूले भने- "त्यो भिक्षुले त हामीलाई देख्नासाथ एकदम लाजले बिस्तारै बल्छी फालेर टाउको झुकाई पर्खाल मुनि-मुनिबाट विहारतिर भाग्यो ।"

राजाले भने- "ती भिक्षुसंग लज्जा भएसम्म उहाँ बिग्रेको छैन । लाज नभएको भए भिक्षुत्वबाट पतन हुनेथियो । त्यो भिक्षु नै हो । जाऊ, यो भोजन फेरि उहाँलाई नै दिएर आऊ, ।"

यहाँ राजासंग चिन्तनमय प्रज्ञा भएकोले माछा मारिरहेको भिक्षुप्रति श्रद्धा बिगारेन । रिस उठाएन । प्रज्ञा नभएको, चिन्तनशक्ति नभएको मानिस भए त्यो भिक्षुलाई मान्छे नै गन्दैनथे होला । हामीकहाँ भिक्षुहरूको निन्दा गर्ने र दोष खोज्नेमात्र धेरैको बानी भइसकेको छ । मुल्यांकन गर्ने बानि त्यति देखिंदैन । दोष र गल्ति कसको मात्र हुँदैन र । त्यसो भनेको मतलब आलोचना गर्नु नै हुँदैन भनेको पनि होइन । सुधार त हुनैपर्छ । गल्ति गरिराख्नु हुन्छ भनेको होइन । दोष भनेको सकभर नभएमा मानिसको जीवन उज्वल हुनेछ, मूल्य बढ्नेछ ।



Downloaded from http://dhamma.digital/

माथि उल्लेख गरेको घटनामा राजासंग चिन्तनमय प्रज्ञा भएकोले समस्याको समाधान भएको छ। समस्या समाधानतिर ध्यान दिनुपर्छ। नत्र त माछा मारेर खाने भिक्षुलाई विहारबाट निकालिदिन्थ्यो अथवा चीवर फुकाली पठाउँथ्यो। यो चिन्तनमय प्रज्ञा भएमा जीवन झलमल्ल हुन्छ। यो कुरा लेखिराख्ने लेखकमा पनि सधैं चिन्तनमय प्रज्ञा छ भन्न मिल्दैन। शायद मेरो शिष्य-श्रामणेरहरूले माछा मारेर खाएको नदेखे पनि सुनेको मात्र भए पनि चीवर छोडेर जाऊ भनिसक्थें होला। कार्यक्षेत्रमा झतपत प्रज्ञा नहुंदो रहेछ। हामी धेरैमा बुद्धिविलाषिता नै मात्र देखिन्छ। परोपदेशे पाण्डित्य गुण नै मात्र देखिन्छ। व्यवहारमा प्रयोग गर्ने प्रज्ञा छैन। यो एउटा कमजोरी नै हो।

## भावनामय प्रज्ञा

यो अनुभव र अभ्यासद्वारा हुने प्रज्ञा हो। प्रज्ञामध्ये योचाहिं मूल्यवान् र राम्रो प्रज्ञा हो। अभ्यास नभई केही पनि शिल्पविद्याको फल प्राप्त हुनसक्तैन। कसैको जीवन सफल हुन सक्तैन। भाविता र व्यवहारिक नभएको जुनै कुरा पनि केराको बोटजस्तो



Downloaded from http://dhamma.digital/

राम्रो मात्र हुन्छ, भित्रबाट बलियो भने हुँदैन । अभ्यास भएमा ठाउँ अनुकूल प्रज्ञा हुन्छ । यसलाई स्थानोचित्त प्रज्ञा भनिन्छ ।

## सारिपुत्र महास्थविरको सहनशक्ति

यो कुरा बुझाउनको लागि एउटा दुइटा घटना प्रस्तुत गर्दछु । सारिपुत्र महास्थविर सहनशीलतामा नामी व्यक्ति थिए। पसल पसलमा, टोल टोलमा उहाँको सहनशक्तिको चर्चा हुने गर्दथ्यो ।

एकजना ब्राह्मणले विचार गर्‍यो, वास्तव नै त्यो सारिपुत्र भिक्षु सहन सक्ने हो कि होइन, परीक्षा गरी हेर्नुपर्‍यो ।

एकदिन सारिपुत्र महास्थविर एकान्तमा भिक्षा गइराख्नुभएको थियो । त्यो मान्छेले सारिपुत्र महास्थविरलाई पछाडिबाट बेस्सरी ढाडमा हिर्काइदियो । सारिपुत्र महास्थविरले भने त्यो कुरामा केही पनि वास्ता नगरी सरासर आफ्नो बाटोमा गइराख्नुभयो । त्यो मान्छे भने आश्चर्य भयो, कस्तो मान्छे, एकचोटि त पछाडि फर्केर हेर्नुपर्छ नि ।

वास्ता नै नगरी सारिपुत्र महास्थविर सरासर जानुभएको देखेर त्यो मान्छेलाई नराम्रो लाग्यो । मन


Downloaded from http://dhamma.digital/

पनि दुख्यो । साच्चै नै सहन सक्ने हो रहेछ, शुद्ध व्यक्तिलाई नै हिर्काएछु भनेजस्तो लाग्यो । त्यो मान्छेको जिउ जिरिंग भएर आएजस्तो, तात्तिएर आएजस्तो भयो । दौडेर गई सारिपुत्र महास्थविर समक्ष क्षमा माग्न गए ।

सारिपुत्र महास्थविरले सोध्नुभयो- "हे उपासक, तिमी किन क्षमा माग्दछौ ? तिमीले के बिगारेका छौ र ? के गल्ति भयो ?"

त्यो मान्छेले जवाफ दियो- "तपाईलाई भर्खरै बाटोमा पिटेको मान्छे म नै हुं । तपाई सहन सक्ने हो कि होइन भनी हिर्काएको थिएं । तपाई वास्तवमै सहन सक्ने रहेछ । मैले गर्न नहुने काम गर्न पुगें । मलाई क्षमा दिनुहोस् । क्षमा मात्र दिएर पुग्दैन, आजको भोजन पनि मेरै घरमा आउनुहोस् ।"

उहाँले स्वीकार गर्नुभयो । क्षमा पनि दिनुभयो । सारिपुत्र महास्थविरलाई पिट्यो भन्ने खबर सुनेर उहाँका उपासक-उपासिकाहरू रिसले आगो भएर त्यो मान्छेलाई बाकी नै राख्दिनं भनी हातमा लट्ठी आदि लिएर त्यो मान्छेको घरमा कराउन आए- "ए ब्राह्मण, खुरुक्क तल आऊ । बरा हाम्रो सारिपुत्र भन्तेलाई पिट्ने भएको ।"



Downloaded from http://dhamma.digital/

त्यो मान्छे साह्रै डरायो। सारिपुत्र महास्थविरले भन्नुभयो- "डराउनु पर्दैन, म छँदै छु नि। ल लेऊ, मेरो पात्र समात। जाऊं मसंग।"

यति भनी उहाँ बाहिर निस्कनुभयो। त्यहाँ भेला भएका मानिसहरूलाई उहाँले सोध्नुभयो- "तिमीहरू यहाँ किन आएका हौ ?"

उनीहरूले भने- "तपाईलाई यो ब्राह्मणले पिट्यो भन्ने खबर सुनेर यसलाई ठीक गर्नेछु भनी आएका हौं।"

सारिपुत्र महास्थविरले भन्नुभयो- "पिटेको मलाई, तिमीहरूलाई किन टाउको दुखाई ? जाऊ, उसले मसंग क्षमा पनि मागिसक्यो, भोजन पनि गराइसक्यो।"

उपासक-उपासिकाहरू कराउँदै फर्किए, आफूलाई पिटेको ब्राह्मणकहाँ नै भोजन जानुभयो, कस्तो भन्ते होला !

यो घटना बडो नै आश्चयलाग्दो घटना हो। हामीलाई राम्रो जस्तो लागे पनि त्यसरी सहन गाह्रो छ। बुद्धकालीन घटनाहरू हेर्दै जाँदा राम्रो कुरा के छ भने एक पक्षले सहँदा अर्को पक्षको हृदय परिवर्तन


Downloaded from http://dhamma.digital/

हुन्छ, मन बदल्छ, ग्लानि हुन्छ, गल्ति स्वीकार गर्दछ। आजभोलि सहेर बस्यो भने झन् झन् दुःख दिनथाल्छ। उसको मन बदलिंदैन, आफ्नो दोषलाई स्वीकार गर्दैन।

जे भए पनि यहाँ मूल कुरा भनेको भावनामय प्रज्ञा हो। सारिपुत्र महास्थविरमा प्रज्ञाको धेरै अभ्यास भएको हुनाले ब्राह्मणले पिट्दा पनि सहन सक्नुभयो, जसको परिणामस्वरूप गल्ति महसूस गरी क्षमा माग्यो। हृदय परिवर्तन भयो।

व्यवहारिक प्रज्ञा बुझाउनको लागि अर्को एउटा दुइटा घटनाहरू पनि प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ।

## माग्नेहरूको आशक्त र मन्त्रीको प्रज्ञा

एक जमानामा एकजना राजालाई चिन्ता र पीरले दिक्क लागेर दरबारको झ्यालबाट हेरिरहेका थिए। त्यही बेलामा एक शीलवान, सदाचारी भिक्षु भिक्षा लिन आइराखेको देखे। उक्त भिक्षुको शान्त स्वभाव देखेर राजाको मन नै आनन्द भयो, शान्तिको अनुभव भयो।

राजाले त्यो भिक्षुलाई दरबारमा बोलाउन पठाए। भिक्षु राजाको सामु आए। भिक्षा आएको कुरा



Downloaded from http://dhamma.digital/

जानेर राजाले आफूलाई तयार पारेको भोजन नै भिक्षुको पात्रमा हालिदिए । भिक्षु भिक्षा लिइसकेपछि सरासर बाहिर गई एक पाटीमा बसेर भोजन खानुभयो । राजदरबारबाट प्राप्त गरेको भोजन असाध्यै मिठो रहेछ । बास्ना पनि एकदम मिठो आइराखेको थियो । बास्नाले त्यहाँ बसिरहेका एक दम्पत्ति माग्नेहरूको मुखमा र्‍याल निस्क्यो । उनीहरूले भिक्षुसंग भने- "हामीलाई पनि एक दुई गाँस भात दिनुहोस् न ।"

माग्नेहरूलाई कहाँको जुठो । भोक लागेको बेला कहाँको जातपात । भिक्षुले उनीहरूलाई केही खाना राखिदिए । उनीहरूले त्यो खाना खाँदा जाडो बेलामा आगो तापेसरि न्यानो भएछ । जिउमा फुर्ति पनि आएछ। उनीहरू मनमनै विचार गर्न थाले, कस्तो खाना ! अमृतभोजन भनेको यस्तो नै होला ।

ती माग्नेहरूले सोधे- "भन्ते, यो भोजन तपाईले कहाँबाट प्राप्त गर्नुभयो ?"

भिक्षुको जवाफ थियो- "हो, राजदरबारबाट राजाले नै दिएर पठाएको भोजन हो ।"

यति भनी भिक्षु आफ्नो बाटो लागे । ती दम्पत्तिहरूमा भने आश भइराख्यो, दरबारको खाना



Downloaded from http://dhamma.digital/

फेरि पनि खान पाए हुन्थ्यो। रक्सी र चुरोट खानेहरूलाई शक-शक लागेझैं उनीहरूलाई दरबारको खाना खाने शक-शक लागिरह्यो । स्वादको तृष्णामा आशक्त भयो। फेरि एकपल्ट त्यो भिक्षु भिक्षा आउनुभए हुन्थ्यो जस्तो लाग्यो तर उहाँ आउनुभएन ।

स्वास्नीचाहिंले लोग्नेलाई सुझाव दियो- "ए बूढा, माग्नेहरूलाई दरबारमा भित्र पसाउँदैन तर भिक्षुलाई त पठाइहाल्छ नि। तिमी पनि पसलमा गएर पहेंलो कपडा किनेर लगाई भिक्षुजस्तो भई दरबारमा माग्न जाऊ, तिमीलाई दरबारमा पनि पठाउँनेछ, भिक्षा पनि दिनेछ।"

लोग्नेचाहिंलाई यो सुझाव ठीकै लाग्यो। उसले पहेंलो कपडा किनी भिक्षु जस्तो भई दरबारमा भिक्षा माग्न गयो ।

त्यो नक्कलि भिक्षु देख्नासाथै राजाको मनमा खुशी लाग्यो। दिक्क भइराखेको मनमा शान्ति दिएको भिक्षुलाई श्रद्धाले पहिलाझैं आफ्नो राजभोजन भिक्षा दिएर पठाए। राजालाई पहेंलो वस्त्र मात्र याद थियो, मान्छे कहाँ याद थियो र !

राजाले मन्त्री र राजकुमारलाई बोलाएर आज्ञा गरे- "उहाँ महात्मा ठूलो हुनुहुन्छ । सत्संगत गर्न



Downloaded from http://dhamma.digital/

योग्य हुनुहुन्छ । उहाँको आश्रम कहाँ होला, एकपल्ट हेरेर आऊ ।"

भिक्षु भएर आएको माग्ने मान्छे सरासर दरबारबाट निस्केर पाटीमा पुग्यो । स्वास्नीचाहिंले पाटीमा नपुग्दै भिक्षापात्र खोसेर लिइन् । भिक्षु भएर आएको माग्नेले पहेंलो वस्त्र एक कुनामा फाल्यो र दुबै मिली पकापक मिठो त्यो खाना खान थाले ।

पछि पछि आइराखेका मन्त्री र राजकुमार त्यो दृश्य हेरेर जिल्ल पर्दै हेरिरहे । मन्त्रीले राजकुमारलाई सोधे- "राजकुमार, महाराजलाई अब के जवाफ दिनुपर्ला ?"

राजकुमारले सोझै भने- "सिधै त्यो साधु (भिक्षु) होइन, ढोंगी माग्ने मान्छे हो भन्ने नि ।"

मन्त्रीले भने- "त्यस्तो भन्नुहुन्न । महाराजले कस्तो श्रद्धा राखी भोजन दान गर्नुभई खुशीले मन आनन्द पारिरहेकोलाई त्यो भिक्षु होइन, माग्ने पो हो भन्दा उहाँको मन बिग्रने छ । राजाको मन नबिग्रिने किसिमले म भनुंला नि ।"

दुबै जना दरबारमा पुगे । राजाले सोधे-



Downloaded from http://dhamma.digital/

" उहाँ महात्माको आश्रम कहाँसम्म, कुन ठाउँमा रहेछ नि ?"

मन्त्रीले भने- " महाराज, हामी उहाँ महात्माको पछाडि पछाडि गइराखेको बेलामा हाम्रै नगरको फलानो इलाकाको फलानो पाटीमा नपुग्दै त्यो पहेंलो वस्त्र लोप भयो । उहाँ महात्मा नदेखिने भएर गयो ।"

यति कुरा सुनेर खुशी हुंदै राजाले भने- "तिमीहरू पछि पछि गएकोले उहाँलाई अप्ठ्यारो लाग्यो कि कुन्नि । त्यसैले उहाँ त्यहीं लोप हुनुभयो । अहो ! ठूलै भिक्षु एकजनालाई मैले भिक्षा दान दिन पाएं ।"

ती राजा त्यही कुरा सम्झेर प्रसन्न भई जीवन बिताउन थाले । त्यही घटनामात्र सम्झी प्रसन्न भई उनी परलोक भए । सुगतिमा उत्पन्न भए । अन्तिम अवस्थामा मन प्रसन्न पारेर राम्रो काम सम्झेर परलोक भई उनी सुगतिमा पुगेको थियो ।

पछि छोरा राजकुमारचाहिं राजा भए । एकदिन वास्तविक भिक्षु फेरि एकपल्ट त्यो नगरमा भिक्षा माग्न आउनुभयो । पहिला राजकुमार हुंदा माग्ने मान्छे भिक्षुको भेष लिएर ठग्न आएको देखेको हुंदा अहिले पनि सक्कलि भिक्षुलाई नक्कलि र ठग नै सम्झे । उनले विचार



Downloaded from http://dhamma.digital/

गरे, मेरो पितालाई ठगेझैं मलाई यसले ठग्न सक्नेछैन।

उनले सैनिकहरूलाई तुरून्तै हुकुम दिए- "भिक्षा माग्न आएको त्यो भिक्षुलाई पिटेर भगाइदेऊ।"

सैनिकहरूमा कहाँको विवेकबुद्धि। गएर सक्कलि भिक्षुलाई सापसंग हिर्काइदियो। मऱ्यो होला भनी छोडेर गएको तर मरेको रहेनछ। आकाशमार्गबाट आफ्नो ठाउँमा जानुभयो। यो देखिराखेको राजाले उहाँ सिद्धि भएको, मनोबल भएको चरित्रवान शुद्ध भिक्षु नै हो भनेर जाने। अनि एकदम पश्चात्ताप गरी मरेर दुर्गतिमा पुगे। मरण अवस्थामा मन बिगारेर, पश्चात्ताप लिएर जानु नराम्रो र अकुशल हो।

यो कथामा बाबुचाहिं राजाले श्रद्धा राखी दान दिएको हुनाले खुशी खुशी परलोक गए। छोराचाहिं राजाले अशुद्ध मन राखी पश्चात्ताप गरेर परलोक भयो। हामीलाई चाहिराखेको शान्तपूर्वक बाँच्नको लागि हो। बिना झैंझगडा, कलह बस्न पाउनु नै शान्ति हो। माग्न आउने जतिलाई भिक्षा दिएर माग्नेहरू बढाऊ भनेको पनि कदापि होइन।

यस घटनाक्रममा हामीलाई चाहिराखेको ज्ञान त मन्त्रीमा भएको व्यवहारिक प्रज्ञा हो। हामीलाई



Downloaded from http://dhamma.digital/

चाहिने शिक्षा स्थानयोग्य प्रज्ञा हो । वास्तवमै मन्त्रीले देखेको सत्यझैं माग्ने भेष धारण गरी भिक्षा माग्न आएको कुरा राजालाई सुनाएको भए एकदम चित्त दुखाई मन बिगार्ने थियो । त्यसैले मन्त्रीले कुरालाई घुमाएर भन्दा ठीक भयो । यस्तो व्यवहारिक प्रज्ञा हामीलाई अति आवश्यक रहेको छ ।

भगवान् बुद्धले भन्नुभएको छ- सत्य भएता पनि, देखेको भएता पनि अरूलाई फाइदा नआउने र नराम्रो हुने भए नभने पनि हुन्छ ।

यो कुरा बुझ्नको लागि प्रज्ञा चाहिन्छ। अभ्यास भएको, अनुभव भएको भावनामय प्रज्ञा चाहिन्छ। आँखा बन्द गरेर आएको ज्ञान त भक्तको भावना होइन । यहाँ विशेषरूपले चर्चा गरिराखेको व्यवहारिक र अनुभवको प्रज्ञा हो ।

## प्रज्ञाको अंग

प्रज्ञाको मूल्य बढाइदिने दुई अंग छन्- सम्यक्दृष्टि र सम्यक्संकल्प। सम्यक्दृष्टि भनेको यथार्थ कुरालाई बुझ्नु, देख्नु, दृष्टि सोझो हुनु हो। सम्यक्दृष्टि नभए घाममा राखेर हेर्ने चस्माजस्तो हुन्छ । चस्मा



Downloaded from http://dhamma.digital/

नराखी प्रकृतिलाई आँखाले हेर्ने जस्तो हुनुपर्छ । बुझ्नसक्ने क्षमता र समझदारी शुद्ध हुनुपर्दछ ।

सम्यक्संकल्प पनि चाहिन्छ । त्यसो भनेको नियत राम्रो हुनुपर्दछ, छलकपटको नियत हुनुहुँदैन । अर्को किसिमले भन्नुपर्दा लक्ष्य र उद्देश्य शुद्ध हुनुपर्दछ, राम्रो हुनुपर्दछ । नियत नराम्रो भयो भने काम असफल हुन्छ । पछि सुख हुँदैन ।

## सम्यक्दृष्टि (ठीक समझदारी)

यो दुःखबाट मुक्त हुने आठ मार्ग (आर्यअष्टांगिक मार्ग)मध्ये पहिलो अंग हो तर अरू सात मार्गलाई नभई नहुने र नङ्ग-मासुझैं सम्बन्ध भएकोचाहिं हो ।

यहाँ लोकोत्तर सम्यक्दृष्टिको बारेमा चर्चा गर्न गइरहेको छैनं । हामीलाई चाहिने लौकिक अथवा व्यवहारिक प्रज्ञाको ज्ञान हो । त्यसैले यहाँ उल्लेख गरिएको व्यवहारिक पक्ष लिएर मात्र व्याख्या गर्दैछु , परमार्थरूपले होइन । अर्को किसिमले भन्नु पर्दा जनस्तरीय रूपले साधारण पारिवारिक जीवनलाई योग्य रूपले यहाँ चर्चा गर्न लागिरहेको छु । लोकोत्तर प्रज्ञा ममा छैन । लोकोत्तर पक्षलाई लिएर बुझाउन पनि


Downloaded from http://dhamma.digital/

आउँदैन । आफूले नै नजानेको कुरा अरूलाई कसरी बुझाइदिनु ? त्यसैले यहाँ सम्यक्‌दृष्टि व्यवहारिक पक्ष लिएर व्याख्या गर्न एउटा घटना प्रस्तुत गर्दछु ।

## राजा र बूढो मगन्ते

एकजना राजा बिहान सबेरै शुद्ध हावा खान र प्राकृतिक दृश्य जंगल, पहाड हेर्न भनी झ्यालबाट हेरिरहेका थिए ।

त्यही बेला कहाँ कहाँबाट एकजना बूढो, फोहरी माग्ने मान्छे एकजना दरबारको तल तलबाट आयो । राजाले देख्नासाथ अमंगल भयो भनी हत्तरपत्तर आफ्नो टाउको भित्र ल्याएको त माथि सिलिङ्गमा ठोकेर टाउको नै प्वाल पऱ्यो । अनि त झन रिस उठ्यो । आज अलच्छिन मगन्तेलाई देखेर टाउको फुट्यो । त्यसलाई त नमारी कहाँ छोड्छु र !

तुरुन्तै राजाले सैनिकहरूलाई त्यो मगन्तेलाई समातेर ल्याउन आदेश दिए । तुरुन्तै उनीहरूले माग्ने बूढोलाई समातेर राजासमक्ष हाजिरी गरे ।

राजाले जगिएर भने- "तँलाई, चण्डाल, बिहान सबेरैदेखि दरबारको तल-तलबाट किन आउनु परेको ? अलच्छिन, तिम्रो कारणले मेरो टाउको फुट्यो । आज



Downloaded from http://dhamma.digital/

तिमी मर्ने भयौ । सैनिंकहरू, मार्न लग यसलाई ।"

त्यो माग्ने बूढो पनि कमको थिएन । ज्ञान भएसरि नडराउने पनि रहेछ । उसले विचार गऱ्यो, मर्न नै जब परेपछि राजालाई एउटा पाठ किन नसिकाऊं ।

उसले हात जोडी राजालाई प्रार्थना गऱ्यो- "महाराज, म त मर्ने नै भएं । मर्नु अगाडि एउटा कुरा बिन्ती चढाउंन पाउंला कि ? मेरो अन्तिम इच्छा एउटा पूरा गरिदिनुहोस् ।"

राजासंग सम्यक्दृष्टि नभए पनि विवेकबुद्धि अथवा प्रज्ञाको बीज भने लुकिराखेको रहेछ । राजाले विचार गरे, मर्न लागेको व्यक्तिको अन्तिम इच्छा पूरा गरिदिनुपर्दछ ।

राजाले भने- "ठीक छ त, ल भन, तिमीलाई के भन्न मन लागेको छ ?"

माग्ने बूढोले भने- "महाराज, आज मजस्तो अलच्छिन मान्छेलाई देख्नुभएर तपाईको टाउको फुट्यो । मैले पनि आज महाराजको अनुहार देखेर मर्न परिरहेको छ । अनि हामी दुईमध्ये वास्तवमा को ठूलो अलच्छिना भयो नि त ?"


Downloaded from http://dhamma.digital/

मागने बूढोको कुरा सुनेर राजा अकमकिए । राजाले एकपल्ट विचार गरे, यो माग्ने मान्छेको कुरा ठीक हो । उसको अनुहार देखेर मेरो टाउको फुट्यो भने मेरो अनुहार देखेर उसको त झन् ज्यान नै जान लागेको छ । मेरो दृष्टि ठीक भएन, सम्यक्दृष्टि भएन । सम्यक्संकल्प नभई मिथ्यासंकल्प भयो । रिस आएर हत्तपत्त टाउको झ्यालबाट भित्र ल्याएको कारणले नै मेरो टाउको फुटेको हो । दोष मेरै हो । माग्ने बूढोको दोष होइन ।

यति विचार गरी राजाले माग्ने बूढोलाई मृत्युदण्डबाट मात्र मुक्त गरेको होइन, बरू घर-खेत सम्पत्ति समेत दिएर छोडिदिए ।

यहाँ राजामा प्रज्ञा नभएको भए माग्ने बूढोको ज्यान नै जाने थियो तर सम्यक्दृष्टि भने पक्कै नभएको हो । पछि समझदारी भयो । सम्यक्संकल्प भयो । त्यसैले शान्ति भयो । हामीलाई चाहिएको शान्ति हो, कलह होइन, झगडा होइन । तर झगडा हुने र कलह हुने किसिमको काम पनि गर्नु हुँदैन ।

प्रज्ञा नभएकोले जीवनमा अशान्ति भएको र



Downloaded from http://dhamma.digital/

समझदारी भएको ले शान्ति भएको कुरा अझ बुझाउनको लागि यहाँ फेरि अर्को एउटा घटना हेरूं ।

## कर्मचारीको प्रज्ञा

बम्बइमा भएको घटना हो । यस घटना हाम्रो जीवन शान्तमय बनाउनको लागि सदैव स्मरण गर्न योग्य छ। मलाई मनपर्ने भएको हुनाले यो घटना अर्को पुस्तक तथा पत्रपत्रिकाहरूमा पनि दुई-तीन पटक उल्लेख गरिसकेको छु तर व्यवहारमा पालन गर्न गाह्रो छ भन्ने पनि अनुभव भइराखेको छ ।

एकजना बी.ए. पास भएको मानिस काम नभएर बम्बइमा पुग्यो । ऊ एकजना साहुकहाँ कुचो लगाउने, सफासुग्घर गर्ने काममा बसे । काम एकदम राम्रोसंग गरेर देखाए । ऊ आफ्नो दिलैदेखि काम गर्न जान्थ्यो । विश्वासपात्र हुनको लागि दिलैदेखिर काम गर्न जान्नुपर्ने पनि रहेछ ।

एकदिन उसले कुचो लगाउँदै गर्दा एउटा चिठ्ठी भेट्टायो । त्यो चिठ्ठी उसले पढिराखेको साहुले देख्यो र सोध्यो- "ए, तिमीलाई पढ्न पनि आउँछ र ?"

उसले जवाफ दियो- "अलि अलि जानेको छु।" (उसले भनेन कि आफू बी.ए. सम्म पढिराखेको छ भनी ।)



Downloaded from http://dhamma.digital/

मालिकले फेरि भन्यो- "अक्षर लेख्न पनि जान्दछौ कि ?"

उसले भन्यो- "अक्षर पनि लेख्न आउँछ ।"

अक्षर लेखाएर हेर्दा राम्ररी नै लेख्न जान्ने रहेछ । कुरा मिलाएर पनि लेखेर देखायो । सामान झिकाउनको लागि एउटा चिट्ठी पनि लेख्न लगायो । उसको भाषा र अक्षर राम्रो भएको देखेर मालिक साह्रै खुशी भयो । हिसाब पनि राम्ररी जानेको रहेछ । अहंकारी स्वभाव नभएसरि आचरण पनि राम्रो थियो । मालिकले उसलाई ढुकुटी हेर्ने कोषाध्यक्ष बनाइदियो । पहिलाको कोषाध्यक्षलाई अर्कै काममा लगाइदियो ।

पहिलाको कोषाध्यक्षलाई यो कुरा चित्त बुझेन । आफ्नो ठाउँमा अर्कैलाई राखिदिएकोले मन दुख्नु अस्वाभाविक पनि थिएन । मन फराकिलो र कुरा बुझेको भए, सम्यक्‌दृष्टि भएको भए मन खिन्न पारी दुःखी हुनुपर्ने थिएन । त्यसो भनेको काम राम्रोसंग गर्न नसकेकोले आफ्नो ठाउँमा अर्को बस्न आयो भन्ने कुरा बुझेको भए अशान्ति हुने थिएन । मन संकुचित भएकोले, सम्यक्‌दृष्टि नभएकोले अथवा प्रज्ञा नभएकोले पुरानो कोषाध्यलाई नयाँ मान्छेसंग ईर्ष्या लाग्यो । उसलाई



Downloaded from http://dhamma.digital/

कसरी मालिकको आँखामा त्यो नयाँ मान्छेलाई दोषी बनाइदिऊं भन्ने कुदृष्टि र मिथ्यासंकल्प गरेर बस्ने भयो ।

पद माथि चढेको हुनाले नयाँ कोषाध्यक्षलाई पनि अलि अलि अहंकार आउन थाल्यो । पद माथि चढेको बेला त्यसो हुनु स्वाभाविक पनि थियो । तर उसले होश राख्यो अथवा आफू स्वयंले जान्यो, आफूमा पहिला नभएको अभिमान भएर आयो ।

उसले आफूले आफैलाई सम्झाउन थाल्यो, ए, तिमी यहाँ पुरानो कपडा लगाएर काम नभई नोकर हुन आएको हो । पद माथि चढेकोले, राम्रो लुगा लगाउन पाएकोले घमण्डी हुन खोज्यौ र । आफ्नो पहिलाको दर्जा र अवस्था सम्झ ।

यसरी आफूले आफैलाई सम्झाई सम्झाई दिनका दिन कार्यालय जानु अगांडि पुरानो जुत्ता र लुगा बाकसबाट झिकी नमस्कार गरेर जाने गर्न थाल्यो । पुरानो फोहोर कपडालाई नमस्कार गर्ने बेलामा ढोका थुनेर राख्ने रहेछ ।

त्यो नराम्रो विचार भएको पुरानो कोषाध्यक्षले थुनिराखेको ढोकाको छेउमा गएर चियो गरिराख्ने


Downloaded from http://dhamma.digital/

रहेछ। सानो प्वालबाट हेरिराख्ने रहेछ। उसले प्वालबाट हेर्दा नयाँ कोषाध्यक्षले बाकसबाट पैसा झिकेर गनिराखेको जस्तो देखिन्थ्यो। दैनिक कार्यालय जानु अगाडि कोठामा ढोका थुनेर राखिराख्ने भएको हुनाले पुरानो कोषाध्यक्षको मनमा उसले पैसा हिनामिना गरेर लुकाइ-लुकाई गनिराखेको जस्तो लाग्यो।

उसले मालिकलाई चुकली लगाउन गइहाल्यो- "मालिक, तपाईले पढ्न जान्छ, काम जान्छ भनी विश्वासले मेरो ठाउँमा नयाँ मान्छेलाई राख्नुभयो। उसले पैसा हिनामिना गरिराखेको छ। विश्वास नलागे उसको बाकस खोलेर हेर्नुहोस्। दिनका दिन कार्यालय जानु अगाडि उसले कोठामा ढोका थुनेर पैसा गनेर मात्र कार्यालय आउँछ।"

मालिकको मनमा पनि अलि चिसो पस्यो। हो न हो जस्तो पनि लाग्यो। साँच्चै बिहान मालिक नयाँ कोषाध्यक्षको कोठामा गएर हेर्दा ढोका खुल्ला थिएन। मालिकले ढोका खोल भन्दा पनि हत्तपत्त ढोका खुलेन। त्यतिबेला त्यो मान्छे भित्र पुरानो जुत्ता र कपडालाई नमस्कार गरिराखेको समय रहेछ। त्यसैले भन्नासाथ



Downloaded from http://dhamma.digital/

ढोका खोल्न नै सकेन । मालिकलाई असाध्यै रिस उठेर छिट्टै ढोका खोल भनी ढोकामा खुट्टाले हान्न थाल्यो । केही समयपछि भित्रबाट उसले ढोका खोल्यो ।

मालिकले सोध्यो- "तिमी यहाँ के गरिरहेका हौ ?"

उसले भन्यो- "केही पनि होइन, मालिक ।"

मालिकले जंगिएर भन्यो- " केही होइन भन्छौ र तिमी ? ल खोल तिम्रो बाकस, के छ त्यसमा ?"

उसले बाकस खोलेर देखाइदियो । त्यहाँ पुरानो जुत्ता र कपडामात्र थियो, पैसा थिएन । मालिकले सोध्यो- "तिमी दिनका दिन यही समयमा ढोका थुनेर के गरिराख्ने हो ?"

उसले भन्यो- "म यहाँ आएको बेलामा पुरानो कपडा र जुत्ता लगाएर आएको थिएं । अब राम्रो कपड़ा लगाउन पाउँदा ममा अहंकार बढेर आयो । त्यसैले दिनको एकपल्ट पुरानो कपडालाई नमस्कार गरी अभिमानलाई दमन गरिरहेको हुं । "

यो कुरा सुनेर मालिकलाई आश्चर्य लाग्यो र खुशी पनि भयो । अनि पुरानो कोषाध्यक्षलाई गालि गर्दै भन्यो- "तिम्रो मनमा मैल रहेछ । कहाँ छ


Downloaded from http://dhamma.digital/

पैसाको हिनामिना गरेको भनेको ? खै कहाँ छ पैसा लुकाएर राखेको ?"

त्यो प्रज्ञा नभएको पुरानो कोषाध्यक्षको अनुहार रातोपिरो भएर टाउको झुकाएर बसिरह्यो ।

यहाँ के कुरा बुझ्नुपर्‍यो भने पुरानो कोषाध्यक्षमा सम्यकद्‌दृष्टि भएन । त्यसो भनेको प्रज्ञा भएन, समझदारी भएन । त्यसैले नयाँ कोषाध्यक्षप्रति सम्यक्‌संकल्प नभई मिथ्यासंकल्प र चिन्तन भयो । सम्यक्‌संकल्प नहुंदा वचन पनि मिथ्या भयो । अनि काम पनि मिथ्याकर्मान्त भयो । निर्दोष जीवन भएन । प्रयत्न ठीक नहुंदा उसको होश पनि ठीक भएन, मिथ्या स्मृति भयो । होश नभएको हुंदा चित्तमा पनि एकाग्रता रहेन, मिथ्या समाधि भयो । प्रज्ञा नभएकोले गर्दा सम्यकद्‌दृष्टि भएन । यसले गर्दा आर्यअष्टांगिक मार्ग नै हराएर गयो । शान्तिको ठाउँमा अशान्ति भयो । समझदारीको ठाउँमा गलतफहमी भयो । परस्पर अविश्वास भयो । दुःखबाट मुक्त भएन । प्रज्ञा भए पनि प्रज्ञा नहुनेहरूसंग बस्नुपर्दा अशान्ति हुनपुग्दो रहेछ ।



Downloaded from http://dhamma.digital/

# भिक्षु आनन्दको प्रज्ञा

भगवान् बुद्ध ५५ वर्षको हुनुहुंदा भिक्षुहरूलाई भेला पार्नुभएर भन्नुभयो- "हे भिक्षुहरू ! अब म पहिलाभैं बलियो छैन । सधैं संगै बसेर सेवा गर्ने एकजना भिक्षु चाहियो ।"

त्यसबेला सारिपुत्र महास्थविरदेखि मौद्गल्यायन आदि भिक्षुहरूले बुद्धको आवश्यक सेवा गरेर बस्ने प्रस्ताव राख्दा बुद्धले स्वीकार गर्नुभएन। आनन्द एकजना मात्र थियो, जसले म सेवा गर्नेछु नभनी मौन बसेका थिए। अरू भिक्षुहरूले सोधे- "हे आनन्द, के तिमीलाई बुद्धको सेवक बन्ने इच्छा छैन र ?"

आनन्द भिक्षुको जवाफ थियो- "पद भनेको मागेर लिने होइन। मलाई भगवान् बुद्धले देखिराख्नुभएकै छ नि । ममा यदि योग्यता रहेछ भने उहाँले मलाई सेवाको लागि भनिहाल्नुहुन्छ नि । "

अनि उहाँ बुद्धले भन्नुभयो- "हे आनन्द, तिमी मेरो सेवा गर ।"

भिक्षु आनन्दले बुद्धको सेवक बन्नु अघि आठवटा शर्त राखे- "मलाई आठवटा अधिकार चाहिन्छ ।"

बुद्धले सोध्नुभयो- " त्यो आठवटा के के हुन् त ?"



Downloaded from http://dhamma.digital/

आनन्द भिक्षुको आठवटा अधिकारको माग थियो-

१) भो भगवन्, तपाईलाई प्राप्त भएको राम्रो चीवर-वस्त्र मलाई नदिनुस्।

२) तपाईलाई प्राप्त भएको मिठो-मिठो भोजन आदि आहार मलाई नदिनुस्।

३) तपाई बस्नुहुने कोठामा मलाई नसुताउनुस्।

४) तपाईलाई निमन्त्रणा गरेको ठाउँमा मलाई नलग्नुस्।

५) मैले स्वीकार गरेको ठाउँमा तपाई भोजन जानुपर्दछ।

६) बाहिरबाट आउने मानिसहरूलाई जुनै वेला पनि तपाईसमक्ष ल्याउन पाओस्।

७) मलाई कुनै कुरामा शंका लागेमा मलाई मनपर्ने समयमा तपाईसंग सोध्न पाउनुपर्छ।

८) म नभएको जुनै ठाउँमा दिनुभएको उपदेश मलाई फेरि एकपल्ट बताउनुपर्दछ।

भगवान् बुद्धले सोध्नुभयो- " हे आनन्द, यी आठ कुराहरू तिमीले किन माग गरेको ? पहिला नै अधिकारको माग किन गरेको हो ?"



Downloaded from http://dhamma.digital/

आनन्दको जवाफ थियो- "तपाईलाई प्राप्त भएको मिठो मिठो आहार खाएर, राम्रो चीवर-वस्त्र लगाएर, तपाईसंग निमन्त्रणा गएर तपाईसंगै कोठामा सुत्ने बेलामा अरूहरूले भन्नेछन्, त्यसरी मिठो खाएर, लगाएर बुद्धको कोठामा सुत्न पाए त कसले मात्र बुद्धको सेवा नगर्लान् । फेरि कोही मानिस मसंग आएर बुद्धसमेत निमन्त्रणा आउनुहोस् भनेको बेला, बाहिरबाट मानिसहरू आउँदा पनि तपाईलाई भेट्टाइदिन नसक्दा, कसैले कुनै शंका भएको कुरा सोधेको बेला भन्न नसक्दा, फलानो धर्मदेशना भगवान् बुद्धले कहाँ, कसलाई भनेको भनी सोध्दा भन्न सकेन भने त्यो आनन्दलाई केही पनि अधिकार छैन, त्यति पनि गर्न नसकेको बुद्धको सेवक भएर बसेको के मतलब भनी अपवाद आउनेछ ।"

यो कुरा सुनेर बुद्ध प्रसन्न हुंदै भन्नुभयो- " हे आनन्द ! तिम्रो माग आठैवटा राम्रो छ, बुद्धिमत्ता छ, उचित छ, प्रज्ञापूर्ण छ । मलाई मञ्जुर छ । आजदेखि तिमी मेरो सेवा गर । आजदेखि तिमी मेरो सेवक भयौ ।"



Downloaded from http://dhamma.digital/

यो कुराबाट स्पष्ट हुन्छ, आनन्दको प्रज्ञा बुद्धि पक्काको छ । काम गर्नलाई पहिला नै अधिकार चाहिन्छ । कर्त्तव्य पालन गरेर मात्र अधिकार प्राप्त हुन्छ भन्ने कुरा राम्रो भए पनि व्यवहारिक छैन ।

आनन्दले आठवटा अधिकारको शर्त राखेर बुद्धको सेवक पदवी स्वीकार गरेको कुरा स्मरणीय छ, अध्ययन योग्य छ । झट्ट विचार गर्दा आनन्दको माग नमिलेको जस्तो बुद्धप्रति अगौरव जस्तो लागेता पनि उचित छैन भन्न मिल्दैन । एकदम व्यवहारिक छ ।

## दरबारमा आनन्दलाई भएको घटना

हामीमा पनि आनन्द भिक्षुमा भएको जस्तो दूरदर्शी ज्ञान भए धेरै दु:ख हुने छैन । असफल भई बस्नुपर्ने छैन । तर यसरी दूरदर्शी ज्ञान भएता पनि आनन्द भिक्षुले पनि धेरै पटक अपजस र अपवाद झेल्नुपरेको थियो ।

कोशल राजाले भगवान् बुद्धसमक्ष प्रार्थना गरे- "दरबारमा महारानीहरूलाई भिक्षुहरूद्वारा कथा एक दुई पटक सुनाउन पाए हुन्थ्यो ।"

उहाँ बुद्धले विचार गर्नुभयो, मन दृढ नभएका भिक्षुहरू राजाको अन्त:पुर (रानीहरू भएको ठाउँमा)



Downloaded from http://dhamma.digital/

जानु हुँदैन । राम्री रानीहरू देख्दा मन चंचल हुनसक्छ। त्यसैले अरू भिक्षुहरूलाई नपठाई मन बलियो भएको आनन्द भिक्षुलाई पठाउनु पर्ला ।

बुद्धले आनन्द भिक्षुलाई दरबारमा गई कथा भन्ने आज्ञा दिनुभयो । बुद्धको आज्ञाअनुसार आनन्द भिक्षु बरोबर राजदरबारमा गई कथा सुनाउन जानुभयो ।

एकदिन उहाँ सरासर राजदरबारमा कथा भन्नको लागि जानुभएको थियो । त्यतिबेला कोशल राजा महारानीसंग सुतिराखेका थिए। टाढैबाट आनन्द भिक्षुलाई देखेर हत्तपत्त महारानी उठ्दा जिउको लुगा सबै तल झर्यो । आनन्द भिक्षु त्यहीबाट फर्केर विहारमा आए।

आनन्दले आफूलाई भएको घटना अरू भिक्षुलाई पनि सुनाए। अरू भिक्षुहरूले आनन्दको उपहास गरे। भगवान् बुद्धसमक्ष पुगेर ती भिक्षुहरूले आनन्द भिक्षु ढंग नभएको कुरा भन्न गए ।

अनि भगवान् बुद्धले आनन्द भिक्षुलाई बोलाउनु भई भन्नुभयो- "आनन्द ! के भएको तिमीलाई ? खबर दिएर मात्र दरबारमा जानुपर्दैन र ? अबदेखि फलानो


Downloaded from http://dhamma.digital/

दिनमा राजदरबारमा कथा भन्न आउनेछु भनी सूचना नदिई भिक्षुहरू दरबारमा जानुहुँदैन ।"

भगवान् बुद्धले यसलाई नियम नै बनाइदिनु भयो । वास्तवमा आनन्द भिक्षु बरोबर दरवारमा कथा भन्न जाने भएको हुनाले उहाँलाई दरबारको भित्र-बाहिर गर्न कुनै रोक थिएन ।

यो घटनाबाट पनि स्पष्ट हुन्छ, प्रज्ञा भनेको जहिल्यै पनि नहुंदो रहेछ ।

## कुशीनगरमा भएको घटना

भगवान् बुद्ध ८० वर्ष पुग्नुहुंदा परिनिर्वाण हुनको लागि कुशीनगरमा पुग्नुभयो । आनन्द भिक्षु साह्रै करूणावान् थिए । मानिसहरूलाई बुद्धको अन्तिम दर्शन गराउनका लागि ठाउँ ठाउँमा खबर दिन गए । भगवान् बुद्ध परिनिर्वाण हुनलाग्यो भन्ने खबर सुनेर धूप, पुष्प हातमा लिई जुलुस आएझैं मानिसहरू आउन थाले । सयौं मान्छेहरूले धूप बालिदिंदा र धेरै मानिसहरूको हूलमुलले बुद्धलाई अप्ठ्यारो भयो ।

बुद्धले आनन्द भिक्षुलाई बोलाउनुभई भन्नुभयो-"आनन्द ! तिमीले यो के गरेको ? धेरै धेरै मानिसहरू



Downloaded from http://dhamma.digital/

बोलाई धूप बाल्न लगाएर मलाई श्वासै फेर्न गाह्रो भइसक्यो । यसरी धूप बालेर फूल चढाउँदैमा मलाई (बुद्धलाई) पूजा गरेको हुँदैन । मैले बताएको उपदेशअनुसार आचरण गरेमा मात्र मलाई मानेको, सत्कार गरेको हुनेछ । अब मकहाँ कसैलाई पनि नपठाऊ ।"

त्यहाँदेखि आनन्द भिक्षु ढोकामा बसेर कसैलाई पनि बुद्ध भएको ठाउँमा पठाएन । केही दिन पछि अबौद्ध सुभद्र भन्ने एकजना परिव्राजक भगवान् बुद्ध परिनिर्वाण हुनलाग्यो, शंका एउटा निवारण गर्नुपर्छ भनी बुद्धकहाँ आयो तर आनन्द भिक्षुले उसलाई रोकेर भने- "अब बुद्धलाई तकलिफ नदेऊ । उहाँ आराम लिइराख्नुभएको छ ।"

सुभद्र परिब्राजकले भने- "मैले सुने, उहाँ बुद्ध चाँडै नै निर्वाण हुँदैछन् । उहाँ भएको बेलामा नै मेरो एक-दुइटा शंका समाधान गर्नुपर्छ । म बुद्धलाई दुःख दिन आएको होइन । ज्ञानमात्र लिन आएको हुँ । उहाँलाई भेटेर उहाँको कुरा सुन्न पाइएन भने त म अन्धकारमा जाने भएं ।"


Downloaded from http://dhamma.digital/

ती दुईजना कुरा गरिराखेको भगवान् बुद्धले सुन्नुभयो । अनि उहाँले भन्नुभयो- " हे आनन्द ! तिमीले अन्धश्रद्धामा परेकाहरूलाई भने मकहाँ पठायौ । अब ज्ञान लिन भनी आएका सुभद्र परिब्राजकलाई भने छेकिराख्यौ । उसलाई यहाँ पठाइदेऊ । त्यो सुभद्र मलाई दुःख दिन आएको होइन । ज्ञान लिन आएको हो ।"

कुनै काम जिम्मा लिएर सम्पन्न गर्न सजिलो छैन । आनन्द भिक्षुले बुद्धलाई तकलिफ होला भनी सुभद्रलाई छेकेर राखेको त उल्टो भएछ । भगवान् बुद्धबाट कुरासमेत सुन्नुपर्‍यो । त्यसैले बुद्धि र प्रज्ञा भए पनि जहाँ पनि त्यही बुद्धि काम नलाग्दो रहेछ । त्यसैले पक्का प्रज्ञा नभई हुँदैन ।

## बुद्धको प्रज्ञा

सिद्धार्थ कुमार बुद्धगयाको पीपलबोट (बोधिवृक्ष) मुनि वैशाखपूर्णिमाको दिन संसारमा दुःख छ, दुःखको कारण छ, दुःखलाई नाश गर्न सकिन्छ र दुःख अन्त गर्ने आठवटा बाटोहरू छन् भन्ने कुरा बुझ्नुभएर बुद्ध हुनुभयो । बहुजन हितको लागि, ज्ञान नभएकाहरूलाई ज्ञान दिनको लागि उहाँ बुद्ध हुनुभएको हो तर बुद्ध



Downloaded from http://dhamma.digital/

भइसकेपछि आफूले प्राप्त गरेको बोधिज्ञान अति गम्भीर, बुझेर बुझ्न गाह्रोमात्र होइन, व्यवहारमा पालन गर्न पनि सजिलो नभएको विचार गर्नुभयो । उहाँको विचार थियो, साधारण मानिसहरू विवाहबन्धनमा बाँधिएर सन्तानको जालमा अल्झेर बसिराख्ने भएको हुनाले त्यो बोधिज्ञान काम लाग्ने छैन। उनीहरूको मनमा पस्ने छैन। मनमा गएता पनि त्यो अनुसार आचरण गर्न सक्ने छैन । परिश्रम मात्र हुनेछ । सबै जसो मोजमज्जा गर्ने र भोगसम्पत्ति धेरै थुपार्नेमा मात्र दृढ चित्त भएकाहरू छन् । त्यसैले गम्भीर ज्ञान प्रचार नगरी उहाँ एक्लै जंगलमा आनन्दले बस्न जाने विचार गर्नुभयो ।

यसरी विचार गर्नुभएका बुद्धको मनमा फेरि कुरा खेल्यो, एक्लै जंगलमा बस्न जाने भए त्यति धेरै दुःख कष्ट भोगेर किन बुद्ध हुनुपरेको हो ? कसरी म यसरी स्वार्थी भएको ? कसरी निराश भएको ? बहुजन हित गर्नेछु, अज्ञानीहरूलाई ज्ञानी बनाउनेछु भनी दरवार त्यागेर आई अब एक्लै आनन्दले बस्ने विचार कसरी ममा आयो ? संसारका सबै मानिसहरू मूर्ख र



Downloaded from http://dhamma.digital/

अज्ञानी मात्र छैन नि। धर्मको कुरा बुझ्न सक्ने, ज्ञान हुनेहरू पनि पक्कै छन्।

यसरी आफूले आफूलाई सम्झाउन सकेको हुंदा बुद्धमा शुद्ध प्रज्ञा छ भन्न सकिन्छ। यसरी आफूले आफूलाई स्वार्थी हुनुहुँदैन, निराश हुनुहुँदैन भनेर सम्झाइसकेपछि आफूले प्राप्त गरेको ज्ञान पहिला कसलाई सुनाऊ भनी विचार गर्नुभयो । त्यतिबेला उहाँले आफू सिद्धार्थ कुमार अवस्थामा संगै तपस्या गरिराखेका ५ जना ऋषीहरूलाई सम्झनुभयो । ती ब्राह्मण जातिहरू पुरानो संस्कारले मन संकुचित अन्धविश्वासीहरू भएको हुनाले मलाई छोडेर गए । उनीहरूको दृष्टि सोझो नभएको कारणले उनीहरू बाङ्गो बाटोमा गए तर पनि उनीहरू विद्वान् हुन् । उनीहरूमा प्रज्ञाको बिउ लुकिरहेको छ। बुझ्नसक्ने शक्ति भएर आउनेछ। म उनीहरूलाई कुरा बुझाउने कोशिस गर्नेछु । उनीहरूको दृष्टि सोझो पारेर उनीहरूलाई असल मानिस बनाइदिनेछु। त्यसपछि अरूहरूलाई शिक्षा दिनेछु भनी विचार गरी उहाँ बुद्ध ऋषिपतन सारनाथमा जानुभयो।



Downloaded from http://dhamma.digital/

ती पाँचजना साथीहरू (पञ्चभद्रवर्गीय) ले पहिला त बुद्धलाई विश्वासै गरेनन् किनभने उनीहरूको धारणाअनुसार सिद्धार्थ कुमार नखाई तपस्या गर्दा त बुद्ध हुन सकेन भने आहार सेवन गरेर कसरी बुद्ध हुनसक्नेछ भन्ने अन्धविश्वास थियो, मिथ्यादृष्टि थियो । त्यसैले तप भ्रष्ट भयो भन्ने विचार गरेर सिद्धार्थलाई छोडेर आएका थिए। तर अहिले उनीहरूले बुद्धको अनुहारमा पहिला नदेखेको तेज देखे, कुरा गरेको शैली राम्रो देखे। पहिला कहिल्यै सुन्न नपाएको चार आर्यसत्य र सम्यक्दृष्टि (प्रज्ञा)को कुरा सुने । यसपछि उनीहरूले विश्वास गरे, सिद्धार्थ कुमार अब बुद्ध बनिसके। प्रज्ञाको मूल प्रस्फुटित भइसक्यो ।

फेरि उनीहरूले विचार गरे, पहिला तपस्या गरिराख्दा यस्तो कुरा कहिल्यै भन्नुभएन। पहिला कहिल्यै पनि आफू बुद्ध भयो, बोध भयो भनी उहाँले बताउनु भएन । अब त कुरा र आचरण असाध्यै राम्रो देखिन्छ।

भगवान् बुद्धले उनीहरूलाई फेरि कुरा बताउनुभयो- "धेरै सुख भोग्ने इच्छा गर्नुहुँदैन, शरीरलाई अति दुःख दिने, कष्ट दिने जीवन पनि हुँदैन।



Downloaded from http://dhamma.digital/

जुनै कुरामा पनि ठिक्कको हुनुपर्दछ। अति हुनु हुँदैन। नूनझैं ठिक्कको हुनुपर्दछ। जुनै कुरा पनि सुन्नुपर्दछ, बुझ्नुपर्दछ, अभ्यास गर्नु पर्दछ, अनुभव गरी साक्षात्कार गर्नुपर्दछ। बुद्धले यो कुरा अभ्यास र साक्षात्कार गर्नुभई अनुभवको कुरा बताउनुभयो, दुःख भइराखेको कारण छ- जति भए पनि सन्तुष्ट नहुने तृष्णाको स्वभाव, असन्तोषले नै दुःख भइरहेको हो। नबुझेकोले, ढंग पुऱ्याई काम गर्न नजानेकोले, नराम्रो विचार गरी नराम्रै कुरा गरिरहेकोले, दोषयुक्त काम गरेकोले, दोषपूर्ण जीवन बिताइरहेकोले, गलत प्रयत्न र उत्साह गरेकोले, होश स्थिर नभएकोले र चित्त एकाग्र नभएकोले जीवनमा अनेक दुःख-कष्ट भोग गरिराख्नुपरेको छ।"

यति कुरा सुनेर पाँचजनामध्ये सबैभन्दा जेठो कोण्डन्यले कुरा बुझेर बोध गऱ्यो। अरू चारजनाले लुकिराखेको प्रज्ञाको मूल नफुटेको हुनाले बोध गर्न सकेनन्।

कोण्डन्य भन्नेले नै सिद्धार्थ बालक अवस्थामा एउटै औंला ठड्याएर ठोकुवा गरेको थियो, यो राजकुमार राजदरबारमा बस्ने छैन, पक्कै पनि बुद्ध हुनेछ। तर



Downloaded from http://dhamma.digital/

उसैले नै तपस्या गरिराख्दा आहार सेवन गऱ्यो भनी सिद्धार्थको तप भ्रष्ट भयो, अब बुद्ध हुनेछैन भनी छोडेर गयो । आफ्नो भविष्यवाणीलाई आफैले अविश्वास गऱ्यो । यो कोण्डन्यमा प्रज्ञा नभएको चिन्ह हो । तर कोण्डन्य प्रज्ञा हुँदै नभएकोचाहिं होइन । ब्राह्मणका सन्तान ब्राह्मणको संस्कार नछोडेको हुनाले प्रज्ञालाई सदुपयोग गर्न नजानेको मात्र थियो । परम्परागत विश्वासको जालमा अल्झेर, पुरानो संस्कार बाकी रहेकोले उनको प्रज्ञा धमिलो भइराखेको मात्र थियो ।

त्यसपछि गौतम बुद्धले अर्को तरिकाले धर्मको व्याख्या गर्नुभयो । अहंभाव जातीय अभिमानले गर्दा प्रज्ञा नहुनेहरूलाई अनात्मलक्षण सूत्रको व्याख्या गर्नुभयो । अनि पाँचैजनाको ब्राह्मणस्वभाव हराएर शुद्ध मानिस भए । पुरानो संस्कार नभएको निर्दोष मानव भए । बोध भएका भए । शत्रुलाई नाश गरेका अरहन्त भए । शत्रु भनेको मनभित्रको क्लेश हो । अन्धविश्वासबाट मुक्त भएका बंहुजन हितायको काम गर्न योग्य भए ।

बुद्धको प्रज्ञा र करूणाले भरिएको उपदेश शैलिले गर्दा त्यसपछि मानिसहरू धमाधम बोध हुँदै आए ।



Downloaded from http://dhamma.digital/

प्रज्ञाको प्रकाश तेजिलो हुँदै आयो । प्रज्ञा मात्र भएर पुग्दैन, प्रज्ञाको साथ करूणा र मैत्री अनि श्रद्धा पनि नभई हुँदैन । श्रद्धा नभएको प्रज्ञा स्वार्थ ज्ञान हुन्छ । प्रज्ञा नभएको श्रद्धा अन्धविश्वास र मूर्ख हुन्छ ।

## बुद्ध र सारिपुत्रको प्रज्ञा

भगवान् बुद्धको प्रज्ञा भएको शिक्षा प्रचार हुँदै आएपछि उहाँलाई माथ लोइन, भिक्षुसंघलाई पनि सम्मान गर्ने र मिठो भोजन खुवाउने श्रद्धा पनि मानिसहरूमा वृद्धि हुनथाल्यो । एक शहरमा भिक्षुहरू आउने बेलामा बस्न हुने किसिमले एउटा राम्रो विहार बनाइराखेको थियो । त्यस विहारमा बसुन्जेल भिक्षुहरूलाई मिठो भोजन खुवाउने प्रबन्ध थियो । भिक्षुहरू बरोबर त्यहाँ गइराख्नुहुन्थ्यो । कुनै कुनै भिक्षुहरू मिठो खानमा भुलेर नै धेरै दिन त्यहाँ बसिरहे । अरू पनि त्यसरी नै आउने बानी बस्नथाल्यो । यो कुरा भगवान् बुद्धले थाहापाउनु भयो । बुद्धले विचार गर्नुभयो, भिक्षुहरू मिठो खानमा पल्कन थाले ।

अनि बुद्धले नियम बनाउनु भयो, अबदेखि फलानो ठाउँमा अथवा कुनै मिठो खाने प्रवन्ध भएको



Downloaded from http://dhamma.digital/

ठाउँमा एकदिनमात्र बस्नुहुन्छ । एकदिन बसेर एकै छाकमात्र खानुहुन्छ । त्यो भन्दा बढी बस्नु पनि हुँदैन ।

एकपल्ट सारिपुत्र महास्थविर त्यहाँ आउनुभयो । भगवान् बुद्धको मूख्य शिष्य महास्थविर भनेर उपासक-उपासिकाहरूले धेरै मानेर मिठो खुवायो । ध्यू, तेल आदि चिल्लो खाना बढी भयो क्यारे, सारिपुत्र महास्थविरलाई अपच भयो । रातभरि पेत दुखेर झाडापखाला लाग्यो । अरहन्त भन्ते हरन्त भए ।

एक दिन कट्यो । त्यो ठाउँमा एक रातमात्र बस्ने नियम भगवान् बुद्धले बनाउनुभएको थियो । उहाँ सारिपुत्र महास्थविर त्यहाँबाट जान सक्नुभएन । शरीर अझै पनि कमजोर थियो ।

दुई रात बित्यो । त्यसको भोलिपल्ट उपासक-उपासिकाहरूले भोजन बनाएर ल्याए तर सारिपुत्र महास्थविरले भोजन खानुभएन । उपासक-उपासिकाहरूले किन भनेर सोधेको बेला उहाँले जवाफ दिनुभयो- "यहाँ एक छाक मात्र खानुहुने नियम छ, दुई छाक खानुहुँदैन ।"

सारिपुत्र महास्थविर नियम पालन गर्नमा कट्टर अनि निर्लोभी र अल्पेक्ष हुनुहुन्थ्यो । त्यसो भनेको मतलब


Downloaded from http://dhamma.digital/

उहाँ इच्छा धेरै नभएको, स्वार्थ स्वभाव नभएको हुनुहुन्थ्यो।

यो खबर भगवान् बुद्धले थाहापाउनु भयो। उहाँले फेरि नियमलाई बदल्नुभयो, रोगी भएको बेलामा दुई तीन दिन बसेर पनि खानुहुन्छ, रोगीहरूले रात्री खाए पनि हुन्छ। **"गिलानस्स अनापत्ति"** अर्थात् रोगी भिक्षुहरूलाई आपत्ति छैन, दोष छैन।

भगवान् बुद्धमा पक्काको प्रज्ञा भएकोले उहाँ व्यवहारिक पक्षपाती हुनुहुन्थ्यो। उहाँको विचारधारा प्रगतिशील र सरल छ। बाधा हुने गरी समयको प्रतिकूल नियम उहाँले बनाउनुभएन। नियम मानिसको लागि हो, मानिस नियमको लागि होइन भन्ने कुरा आफूले बनाउनुभएको नियम आफैंले समय र परिस्थितिअनुसार परिवर्तन गर्दै लानुभएकोबाट स्पष्ट हुन्छ।

सारिपुत्र महास्थविर प्रज्ञावान भए पनि भगवान् बुद्धको प्रज्ञासंग दाँजेर हेर्दा धेरै नै फरक देखिन्छ। निर्वाणकै लागि स्वास्थ्यको वास्ता नगरी नियम पालन गर्नु ठीक जस्तो लागे पनि साधारण समाजको लागि र व्यवहारिक दृष्टिकोणले मिल्छ भन्न सकिदैन। त्यसैले भगवान् बुद्धले एक ठाउँमा एकैपटक भोजन गर्ने नियम



Downloaded from http://dhamma.digital/

बनाउनु भएता पनि फेरि उहाँले नै त्यो नियमलाई परिवर्तन गर्नुभयो। सदाकाल एउटै नै नियम हुनुपर्दछ भन्नु उचित पनि छैन । त्यसो भनेको मतलब व्यवहारिक भएन। उदारहणको लागि अर्को पनि एउटा घटना प्रस्तुत गर्दछु।

सारिपुत्र महास्थविरकै दाताआमाकी एउटा छोरा थियो। त्यो बालक ७ वर्ष मात्रको हुँदा नै प्रव्रजित हुनुपर्‍यो भनी आमालाई ढिपी गर्न थाल्यो । त्यसरी ढिपी गरेपछि आमाचाहिंले त्यो बालकलाई सारिपुत्र भन्तेकहाँ लगिदियो तर सारिपुत्र महास्थविरले त्यो बालकको जिम्मा लिनुभएन किनभने उहाँले पहिल्यै राहुल कुमार एकजना जिम्मा लिनुभएका थिए। भगवान् बुद्धले नियम बनाउनुभएको छ, एकजना भिक्षुले एकै जना मात्र श्रामणेर (सानो भिक्षु) पालन गर्नुहुन्छ अर्थात् जिम्मा लिनुहुन्छ, त्योभन्दा बढी हुँदैन ।

बुद्धले किन यस्तो नियम बनाउनुभएको थियो त ?

उपासक-उपासिकाहरूले पाँचवर्ष भएका बालकहरू पनि विहारमा फाल्न ल्याएझैं श्रामणेर बनाउन लगे । आ-आफ्नो आर्थिक बोझबाट मुक्त



Downloaded from http://dhamma.digital/

भए । खुवाउने पिलाउने झन्झट भएन । आनन्द भयो । पाँच-छ वर्षका बालकहरू श्रामणेर भए पनि राति भोक लाग्यो भनी रोइराख्थ्यो । फेरि सम्हाल्न नसक्ने र पढाउन नसक्नेहरूले पनि श्रामणेरहरू बनाएर राख्न थाले। बालक श्रामणेरहरू रोइराखेको देखेर भगवान् बुद्धले नियम बनाउनुभयो, सम्हाल्न नसक्ने बालकहरूलाई श्रामणेर बनाउनु हुँदैन । फेरि एकजना भिक्षुले एकै जनामात्र श्रामणेर राख्नुहुन्छ ।

यही नियमले गर्दा सारिपुत्र महास्थविरले आफ्नो दाताआमाकी छोरालाई जिम्मा नलिनुभएको थियो किनभने उहाँ महास्थविरले राहुल कुमार जिम्मा लिइराख्नुभएको थियो ।

यो कुरा पनि भगवान् बुद्धसमक्ष पुग्यो । अनि भगवान् बुद्धले सारिपुत्र महास्थविरलाई बोलाउनुभई भन्नुभयो- "जानेबुझेका, सम्हाल्न सक्नेहरूले दुई तीनजना श्रामणेरहरू राखे पनि हुन्छ ।"

त्यसपछि सारिपुत्र महास्थविरले आफ्नो दाताआमाकी छोरालाई जिम्मा लिनुभई श्रामणेर बनाउनुभयो, तालिम गराउनु भयो। त्यो बालक श्रामणेर अवस्थामा नै अरहन्त भए ।



Downloaded from http://dhamma.digital/

# महिलाको बारेमा बुद्धको प्रज्ञा

महिलाको बारे पहिला पहिलादेखि नै असमान विचार भएको देखिन्छ। छोरा जन्मे खुशी हुन्छ, छोरी जन्मे नराम्रो अनुहार बनाउछ। अद्यावधिसम्म पनि यो अवस्था त्यस्तै देखिन्छ । गर्भवती भएको घरमा भिक्षुहरूद्वारा परित्राण पाठ गराउने बेलामा प्रार्थना गरिन्छ, छोरा जन्मियोस् भनी आशीर्वाद दिनुहोस् भनी। पुरानो संस्कारबाट मुक्त हुन असाध्यै गाऱ्हो हुँदो रहेछ। आइमाइहरूले नै छोरीलाई हेला गर्दछन् ।

एकपल्ट एकजना आइमाई बाटोमा गइराखेको बेला एक महिलाले झ्यालबाट हेरेर सोधिन्- "हे आमाजु ! बुहारीको बच्चा जन्म्यो भनेको सुनें, के पायो हँ ?"

त्यो आइमाइले जवाफ दिइन्- "बाकु (टुक्रा) पायो नि ।"

यो बाकु भनेको के हो भनी नबुझेर सोधेको बेलामा पो थाहाभयो, छोरी पायो भनेको रहेछ । छोरीलाई बाकु भनेर हेला गरेको देखेर आश्चर्य लाग्यो । हुन त आइमाई हुनेहरूलाई नै थाहा छ,



Downloaded from http://dhamma.digital/

आइमाई हुनु कति दुःख हो भनेर। पुरूषको तुलनामा त धेरै दुःख छ।

भगवान् बुद्धले छोरी जन्मिदां मन बलियो बनाउनको लागि धेरै नै भरोसा दिनुभएको कुरा हेर्दा भगवान् बुद्धको प्रज्ञा धेरै नै मूल्यवान् थियो भन्न सकिन्छ।

एक दिन कोशल राजा भगवान् बुद्धसमक्ष गई छलफल गरिरहे। त्यही बेला दरवारबाट एकजना सैनिक आएर राजाको कानमा केही कुरा सुनाए। यो कुरा सुन्नासाथ राजाको अनुहार अँध्यारो भयो, टाउको पनि निहुरियो।

अनि भगवान् बुद्धले सोध्नुभयो- "महाराज, दरवारबाट के खबर आयो र? किन महाराजको अनुहार अँध्यारो भएको हो?"

राजाको जवाफ थियो- "भो भगवन्! महारानीले छोरी पाइन् भनी खबर आयो। मैले छोरा जन्मियोस् भनी ठूलो आशा गरिराखेको थिएं। त्यसैले मेरा मन त छाँगोबाट खसेझैं भयो।"

भगवान् बुद्धले भन्नुभयो- "महाराज, छोरी जन्मियो भनी चित्त दुखाइहाल्नुपर्ने छ र? शिक्षा दिएर राम्ररी तालिम दिनसक्यो भने आइमाईहरू पनि राजा



Downloaded from http://dhamma.digital/

हुनसक्छ। त्यो आइमाईले जन्माएको बालक पनि राजा हुनसक्छ। छोरा र छोरीमा कुनै भेदभाव छैन। त्यसैले महाराज ! राम्ररी पढाउनुभई राज्य संचालन गर्ने तालिम दिनुहोस् ।"

यो कुरा सुनेर राजाको अनुहारमा प्रसन्नता छायो । उत्साह बढाएर खुशी हुंदै कोशल राजा फर्केर गए । कोशल राजालाई बुद्धको जवाफ धेरै नै औषधी साबित भयो । बुद्धको यो जवाफबाट स्पष्ट हुन्छ, तथागतको प्रज्ञा अति मूल्यवान् छ, व्यवहारिक छ ।

## बुद्धलाई रिस उठेको कुरा

अब विचार गरौं, बुद्धलाई रिस उठेको कहिले भन्ने कुरा। स्मरणीय छ, हामीलाई रिस उठेको जस्तो विवेक नभएको, होश नभएको र करूणा नभएको रिसचाहिं बुद्धको होइन। उहाँको रिस त सम्यक्दृष्टि र सम्यक्संकल्पले भरिएको रिस हो। अरूलाई हित गर्ने नियत भएको रिस हो ।

भगवान् बुद्ध कपिलवस्तुमा आउनुभएको समयको घटना थियो। सारिपुत्र महास्थविर गाउँतिर


Downloaded from http://dhamma.digital/

धर्म प्रचारमा जानुभयो। उहाँको कथा सुनेर धेरै प्रभावित भएका ५०० जना गाउँलेहरू भिक्षु भए।

सारिपुत्र महास्थविरले बरोबर भगवान् बुद्धको वर्णन गर्नुहुन्थ्यो। अनि नयाँ भिक्षुहरूलाई तथागतको अनुहार एकपल्ट दर्शन गर्ने ठूलो इच्छा जाग्यो। उनीहरूले आफ्ना गुरू सारिपुत्र महास्थविर समक्ष प्रार्थना गरे- "भो आचार्य ! भगवन् बुद्धकहाँ एकपल्ट जान पाए हुन्थ्यो।"

सारिपुत्र महास्थविर भन्नुहन्छ- "तिमीहरू उहाँ तथागत समक्ष जान हतार नगर। तिमीहरू तालिम भएका छैनौ। तिमीहरू कराइराख्ने, चलिराख्ने, बस्ने स्वभाव पनि राम्रो नभएका छौ। त्यस्तो स्वभाव भएका भिक्षुहरू बुद्धकहाँ जानु हुँदैन। एकाध महिना पर्ख। अनि म तिमीहरूलाई लगिहाल्छु नि।"

नयाँ भिक्षुहरूको भने मनै मानेन। बुद्धकहाँ लगिदेऊ कि लगिदेऊ भनी धेरैपल्ट ढिपी गर्नथाले। अनि सारिपुत्र महास्थविरले उनीहरूलाई बुद्धकहाँ लगिदिए।



Downloaded from http://dhamma.digital/

राम्ररी तालिम भइनसकेको हुनाले ती भिक्षुहरू कपिलवस्तुको न्युग्रोधाराममा पुग्नासाथ आफूहरू बस्ने ठाउँहरू नै खोजेर त्यहाँका भिक्षुहरूसंग ठूल्ठूलो स्वरमा कराइरहे । ५०० जना भिक्षुहरू त्यसरी कराउन थालेपछि त्यहाँ ठूलै होहल्ला मच्चियो ।

भगवान् बुद्धले सारिपुत्र महास्थविरलाई बोलाउनुभई भन्नुभयो- "माछा मार्ने ठाउँमा पोडेहरू कराउनेझैं शोभित नभएका यी भिक्षुहरू कहाँबाट ल्यायौ ? ती भिक्षुहरूलाई यो विहारमा राख्न पाउँदैनौ, बाहिर लिएर जाऊ ।"

सारिपुत्र महास्थविरले ती भिक्षुहरूलाई भगवान् बुद्धले भन्नुभएको कुरा सुनाएर बाहिर लगे । अनि सबैलाई सम्झाउँदै भने- "मैले पहिल्यै पनि तिमीहरूलाई भनेको थिएं, तथागतकहाँ जान योग्य भएको छैन, तालिम पुगेको छैन, एकाध महिना पर्ख । अब विहारबाट नै निकालेर पठाए, होइन ? तर तिमीहरूले मन दुखाउनु पर्दैन । आफू राम्रो नभएको हुनाले नै निकालेर पठाएको हो भन्ने कुरा सम्झ । अब त राम्रो बन । तिमीहरू राम्रो बने भगवान् बुद्धले नै तिमीहरूलाई बोलाउनु हुनेछ ।"


Downloaded from http://dhamma.digital/

उनीहरू सबैले आफूहरू राम्रो नभएको कुरा महसूस गरे । आफ्नो आचरण सुधार्दै लगे । ज्ञानी भए । यो कुरा जानेर उहाँ तथागतले ती भिक्षुहरूप्रति करूणा राख्नुभई दूत पठाएर बोलाउन पठाए ।

ती भिक्षुहरू पनि भगवान् बुद्धले नै आफूहरूलाई बोलाउनुभयो भनी एकदम खुशी भई बुद्धकहाँ पुगे । उनीहरू अब ज्ञानी भएर शान्तरूपले बस्नथाले ।

यहाँ भगवान् बुद्धले करूणा चित्त राख्नुभएर नै ५०० भिक्षुहरूलाई निकालेर पठाएको हुनाले उनीहरू सुधन सके, शिक्षित भए । बुद्धको प्रज्ञा यहाँ छर्लङ्ग देखिन्छ ।

सारिपुत्र महास्थविरमा पनि प्रज्ञा भएकोले मन नदुखाई आफ्ना चेलाहरूलाई राम्ररी बुझाइदिए । शिष्यहरूले पनि हो त भनी बुझेर लिए । गुरूले त पहिल्यै भनेको थियो उनीहरूलाई, तिमीहरू तालिम भएको छैन । त्यतिबेला कुरा मानेन । ठक्कर खाएपछि मात्र चेते । यसबाट स्पष्ट हुन्छ, गुरू राम्रो भएर मात्र पुग्दैन, आ-आफूले जानेर महसूस गरेमात्र सुधार हुँदो रहेछ । सुधार हुने नहुने आ-आफ्नै हातमा हो, प्रज्ञा भए नभएको को खेल हो ।



Downloaded from http://dhamma.digital/

यो एकपल्टमात्र होइन, भगवान् बुद्धले भिक्षुहरूलाई विहारबाट निकालेर पठाएको अर्को पनि घटना छ । यो कुराचाहिं तथागत श्रावस्ती जेतवन विहारमा बसिराख्नुभएको समयको घटना थियो ।

त्यसबेला अति प्रसिद्ध शीलवान् यशोज भन्ने भिक्षुले ५०० भिक्षुहरूलाई लिएर भगवान् बुद्धको दर्शन गराउन जेतवन विहारमा आउनुभयो । त्यसबेला पनि ५०० भिक्षुहरूले पहिला आफूहरू बस्ने ठाउँ छुट्याउने आदिमा नै अलमल गर्न थाल्यो । यसबाट त्यहाँ ठूलो होहल्ला भयो । त्यसबेला तथागतले आनन्दलाई बोलाउनुभई सोध्नुभयो- "यसरी माछा मार्ने ठाउँमा पोडेहरूझैं होहल्ला गरिराख्ने ती भिक्षुहरू को हुन् ?"

भिक्षु आनन्दले भन्नुभयो- "यशोज महास्थविरसंग ५०० नयाँ भिक्षुहरू तपाई (बुद्ध)को दर्शन गर्नेछु भनी आएका छन् ।"

बुद्धले आज्ञा गर्नुभयो- "हे आनन्द, (केही पनि नियम नजानेका) ती भिक्षुहरूलाई यस विहारमा बस्न पाउने छैन भनिदेऊ ।"

आनन्द भिक्षुबाट यो खबर सुन्नासाथ यशोज भिक्षुले ती ५०० जना भिक्षुहरूलाई नजिकैको वग्गुमुदा



Downloaded from http://dhamma.digital/

भन्ने नदी किनारामा लगेर भने- "तिमीहरूको बानी राम्रो नभएकोले नै भगवान् बुद्धले निकालेर पठाएको हो। नरिसाऊ। अब त चेत। मैले भनेको कुरा सुनेनौ, तिमीहरू ढंग नहुने गरी कराइराख्यौ। अब त तालिम हौ, ज्ञानी हौ। अनि भगवान् बुद्ध खुशी हुनुभएर तिमीहरूलाई आफैं बोलाउनु हुनेछ।"

आफ्नो गुरू यशोज भिक्षुको अर्ति सुनेर ५०० जना भिक्षुहरूले आफूहरू तालिम नभएकोले बुद्धले निकालेर पठाएको हो भन्ने कुरा महसूस गरे। त्यहाँबाट सबैले खूब उत्साह गरी विपस्यना ध्यानमा बसे। अन्ततः उनीहरूले अरहन्त ज्ञान पनि लाभ गरे।

यो खबर जानेर भगवान् बुद्धले ती भिक्षुहरूलाई बोलाउन पठाउनुभयो। ती भिक्षुहरू पनि तुरून्तै तथागत भएको ठाउँमा आइपुगे। त्यसबेला भगवान् बुद्ध ध्यानमा बसिराख्नुभएको रहेछ। ती भिक्षुहरू तालिम भइसकेको हो कि होइन भनी परीक्षा गर्नको लागि पनि ध्यानमा बस्नुभएको जस्तो थियो।

आधा रात बितिसक्यो। आनन्द भिक्षु तथागत समक्ष गई हात जोडी भन्न गए- "भन्ते ! तपाईले निकालेर पठाएका भिक्षुहरू आइराखेको धेरै बेर



Downloaded from http://dhamma.digital/

भइसकेको छ। ती भिक्षुहरूलाई अनुहार देखाउनुभएर बोलिदिनुहोस्, सन्चो बिसन्चो सोधिदिनुहोस्।"

आनन्द भिक्षुलाई ती आगन्तुक भिक्षुहरूप्रति करूणा लागेर बुद्धकहाँ रातको तीनपल्ट जति प्रार्थना गर्न गएका थिए तर भगवान् बुद्धले वास्ता गर्नुभएन।

बिहानको समयमा मात्र भगवान् बुद्ध ध्यानबाट उठ्नुभयो अनि आनन्दलाई भन्नुभयो- "हे आनन्द ! आगन्तुक भिक्षुहरू म ध्यानमा बसेको कुरा थाहापाएर उनीहरू पनि ध्यानमा बसेर शान्त भइराखेका छन्। तिमी किन यस्तो कुरा नबुझेको हो ?"

ती भिक्षुहरू हतार नगरी, नअत्तालिई रातभरि ध्यानमा बसेर शान्तपूर्वक धैर्य गरी बसिराखेकाले परीक्षामा उत्तीर्ण भए। तथागतले ती भिक्षुहरूलाई प्रशंसा गर्नुभयो। पहिला प्रज्ञा नभएकोले भगवान् बुद्धले ती भिक्षुहरूलाई निकालेर पठाउनुभयो। पछि तालिम भएर प्रज्ञा भएकोले फेरि बुद्धले स्वागत गर्नुभयो, प्रशंसा गर्नुभयो।

यहाँ हामीलाई काम लाग्ने प्रज्ञाको कुरा के हो भने भगवान् बुद्धले आफूहरूलाई निकालेर पठाएको कारण आ-आफना गल्ति र दोषको कारण हो भनी



Downloaded from http://dhamma.digital/

राम्ररी जानेर लिइ तालिम भए। हामीमा त्यस्तो प्रज्ञा छैन। आफ्नो गल्ति बुझ्ने त कहिले कहिले, हामी केवल अरूको दोषमात्र केलाएर बस्ने गर्छौं। आफ्नो दोष देखेर सुध्रिन हामी जान्दैनौं। यो प्रज्ञा नभएको चिन्ह नै हो।

## प्रज्ञा- मानव रत्न र गहना

प्रज्ञा भनेको विशेष प्रकारको बुद्धिलाई भनिन्छ। राम्रो नराम्रो छुट्याउन सकिने शक्तिलाई पनि प्रज्ञा भनिन्छ। मनलाई वशमा राख्नसक्ने पनि प्रज्ञा भएमा मात्र हो। त्यसैले प्रज्ञा मानिसहरूको सम्पत्ति र गहना हो भनिन्छ। मित्र-मित्र बीचमा मात्र होइन, दुई दम्पत्ति बीचमा झगडा हुने मूल कारण पनि प्रज्ञा नभएर नै हो भन्न सकिन्छ। यो कुरा बुझ्नको लागि एउटा घटना उल्लेख गर्दछु।

## छोरालाई वकिल बनाउनेको कि डाक्टर

एक ठाउँमा प्रेम विवाह भएका एक दम्पत्ति एउटा घरको तल्लामा भाडा बसिरहेका थिए। ती दुईजना प्रेम विवाह भएको कारणले एक आपसमा मायाप्रेम हुने त स्वाभाविक नै भयो। दुबैजना एउटै



Downloaded from http://dhamma.digital/

थालमा खाने गर्थ्यो । सधैं अनुहार हेरेर ख्यालठट्टा गर्दै रमाउँदै जीवन बिताइरहेका थिए । घरपति साहुलाई पनि तिनीहरूको प्रेम देखेर लोभ लाग्दथ्यो । उसको विचार थियो, जीवन भनेको यस्तो पो हुनुपर्छ ।

सात आठ महिना पछि त्यस्तो मिलेर बसेका दम्पत्तिमा पनि झगडा भएछ । उनीहरूको झगडा देखेर घरपति साहु पनि अचम्म भयो । के भएको यो ? कारण एकपल्ट जान्नुपऱ्यो भनी तिनीहरूको कोठामा गएर सोध्यो- "किन तपाईहरू यसरी झगडा गरिराख्नुभएको हो ? के भयो ?"

लोग्नेचाहिंले भन्यो- "हेर्नुस् न घरपतिसाहुजि, मेरो छोरालाई वकिल बनाउछु भनेको त यो आइमाई भने छोरालाई डाक्टर नै बनाउने भनेर जिद्दी पो गर्छ ।"

स्वास्नीचाहिंले भनिन्- "वकिलको जीवन राम्रो छैन । दोष हुनेलाई निर्दोष अथवा पापीलाई धर्मात्मा बनाउछ, निर्दोषीलाई अपराधी बनाउछ, यो जीवन ठीक छैन । डाक्टर भए सेवा पनि हुने, पैसा पनि कमाउने हुन्छ । निर्दोष काम पनि हो । वकिल भनेको इमान्दारी र निर्दोष जीवन होइन । त्यसैले म आफ्नो छोरालाई डाक्टर नै बनाउनेछु ।"



Downloaded from http://dhamma.digital/

घरपति साहुले भन्यो- "तपाईहरू दुईजनाको यस्तो विचार भए बालकको इच्छा पनि त बुझ्नुपर्‍यो नि । न उसलाई अर्कै बन्ने इच्छा पो छ कि । खै छोरालाई एकपल्ट सोधुं त ।"

दुबैजना भने- "छोरा त जन्मेकै छैन नि, गर्भमै छ त ।"

यो कुरा सुनेर घरपति साहु त लाटाजस्तो पो भयो । कस्तो बुद्धि नभएको दम्पत्ति रहेछ, कतिमात्र होश नभएको रहेछ । जन्मदै नजन्मेको बच्चाको कुरालाई लिएर त्यतिधेरै मायाप्रेम भएकोहरूमा पनि नराम्ररी झगडा पो भएछ ।

यो चाहिं होश नभएको, प्रज्ञा नभएको घटना हरेक जीवनमा भइरहेको छ । पहेंलो चीवर लगाएर त्यागी भए पनि प्रज्ञा नभएको बेला झगडा गरेर बस्नुपर्दो रहेछ । धेरैमा वास्तविक प्रज्ञा छैन । बुद्धि विलाषिताको प्रज्ञा नै मात्र छ । त्यसो भनेको अरूलाई बुझाउन र उपदेश दिनलाई मात्र बुद्धि छ । व्यवहारिक प्रज्ञा छैन ।

प्रज्ञा थरिथरिका मानिसहरूमा थरिथरिको देखिन्छ । असर्फी एउटा एकजना बालकले देखेमा उसले लिएर खेल्ने कुरा सम्झन्छ । उसले वास्तविक मूल्य जानेको हुँदैन ।



Downloaded from http://dhamma.digital/

## असर्फी बारे प्रज्ञा

एकजना किसानले त्यों असर्फी देखेमा उसले काम गर्नको लागि सामान र बिउ, मल किन्नको लागि पैसा नभइराखेको भन्दै बेचिदिन्छ। उसको बुद्धि बालकको भन्दा अलि बढी छ किनभने उसले असर्फी मूल्यवान् भनेर त जान्यो ।

त्यसपछि एकजना सुनारले देखेमा त्यसलाई हिराले सजाएर औंठी बनाइ धेरै पैसा कमाउछ। त्यसो भनेको मतलब असर्फीको मूल्य झन् बढाइदिन्छ। यहाँ साधारण मानिसहरूलाई कस्तो प्रज्ञा (बुद्धि) चाहिन्छ भन्ने कुरा देखाइएको छ।

## चामल तलबाट माथि लग्नेमा प्रज्ञा

हामीलाई चाहिराखेको प्रज्ञा काम गर्दा राम्रोसंग सजिलो किसिमले गर्न सकिने हो । चामल चार पाठी तलबाट माथि लग्नुपर्दा गाह्रो हुनसक्छ। त्यसैले एक-एक पाठी गरी अथवा दुई-दुई पाठी गरेर माथि लगें सजिलो हुन्छ।

## कपहरू माथि लग्नेमा प्रज्ञा

२०-२५ वटा कपहरू माथि लग्नुपर्‍यो भने



Downloaded from http://dhamma.digital/

दुई हातमा चार-पाँचवटा लग्नुभन्दा एउटा किस्ति अथवा बाटामा राखेर लगेमा एकै पटक लग्न सकिन्छ। छिटो काम पनि सकिन्छ। यसरी काम गर्नसक्ने प्रज्ञा हामीलाई चाहिरहेको छ।

## रातभरि कोठा भरिराख्नेमा प्रज्ञा

शिक्षक एकजनाले दुई विद्यार्थीहरूको बुद्धि जाँच्नको लागि दश दश रूपियाँ दिएर भन्यो- "यो पैसाले एउटा कोठा रातभरि भरिदेउ।"

एकजनाले पराल आदि दश रूपियाँको किनेर कोठा भरिदियो। अर्को चाहिंले चार-पाँच रूपियाँ खर्च गरेर सानो बत्ति किनेर बालिदियो। अँध्यारो कोठा उज्यालो भयो।

शिक्षकले बत्ति बालेर कोठा भरिदिने विद्यार्थीलाई बुद्धि भएको साबित गरेर उत्तीर्ण गरिदियो। पराल आदि भरिदिने विद्यार्थी चाहिं फेल भयो।

## बर्मामा भएको घटनामा प्रज्ञा

बर्मामा एकपल्ट आइतवार र सोमवारको बारेमा झगडा भयो। क्यालेण्डर हेरेर आइतवार भन्ने एकजना थियो भने नहेरी सोमवार भन्ने अर्को थियो।



Downloaded from http://dhamma.digital/

दुई जनामा धुमधामले झगडा भयो । दुबैजनालाई समातेर जेलमा लगियो। मुद्दा छिनेको बेलामा क्यालेण्डर हेरेर आइतवार भन्नेलाई दोषी ठहर गरिदियो । अनि मानिसहरूले सोधे- "आज आइतवार भनेर सत्य कुरा गरेकोलाई किन दोषी साबित गर्नुभयो ?"

ठानेदार हाकिमले भन्यो- "क्यालेण्डर हेरेर आज आइतवार भनेर जान्दा जान्दै चुपो लागेर नबसी सोमवार भनेर असत्य बोल्ने मूर्खसंग किन झगडा गरिराख्नुपरेको नि ? मूर्खसंग झगडा गरिराखेकोले उसलाई दोषी ठहर गरेको हुं।"

यहाँ क्यालेण्डर हेरेर आइतवार भन्नेको प्रज्ञा परिपक्व नभएको ठहर भयो। प्रज्ञा भएको भए सोमवार भन्ने मूर्खसंग झगडा गरेर नबस्ने थियो । यसरी हेर्दा सही प्रज्ञा भएको व्यक्ति छँदै छैन कि जस्तो देखिन्छ।

आजभोलि परिपक्व प्रज्ञा नभई हुँदैन । प्रज्ञा हुनेहरू समाजमा बाँच्न गाह्रो भइसकेको छ। बेइमान, लुच्चा र झगडालुहरूलाई मात्र मान्नेजस्तो देखिन्छ।

तर पनि यो पुस्तकको नाम नै प्रज्ञा भएको कारणले प्रज्ञाको महत्व बारे चर्चा गर्दैछु। प्रज्ञा नभएको कारणले दुःख भोगेर बस्नुपर्छ पनि ।



Downloaded from http://dhamma.digital/

आजभोलि प्रज्ञा भए पनि सहेर बस्ने बिरोधीहरूको मन बदलेको देखिंदैन। झन् झन् दमन गर्न खोज्छ। त्यसबेलाको कथामा र आजभोलिको वास्तविकतामा धेरै अन्तरता आइसकेको छ। अहिलेकाहरूले प्रज्ञालाई सदुपयोग गरेर वास्तविक कुरा बुझेर लिंदैन। सायद अहिलेकाहरूसंग प्रज्ञा बुद्धि नभएकोले पो हो कि ! मन शुद्ध नभएकोले हो कि ! स्वार्थ भावनाले भरिएकोले हो कि !

हुन त जातक कथाहरूमा हेर्नें हो भने जहां पनि सहेर मात्र बस्नुपर्छ भनेको पनि देखिदैन। जस्तो मान्छे हो त्यस्तै व्यवहार गर्नुपर्छ भन्ने कुरा त्यतिबेलाको समाजमा पनि रहेछ। यो कुरा बुझाउनको लागि त्यसबेलाको एउटा जातक कथा अघि सार्दछु।

## पण्डित र अतिपण्डितको कथा

दुई साथीहरू थिए, एकजनाको नाम पण्डित र अर्कोको नाम अति पण्डित थियो। पण्डित चाहिं बोधिसत्व थिए। अतिपण्डित भने बोधिचित्त नभएको स्वार्थी थियो। तर पनि दुई जना मिलेर आधा आधा पैसा हाली साझा व्यापार गर्न गएछ। व्यापार गर्न



Downloaded from http://dhamma.digital/

गएको गाउँमा धेरै धन कमाएर ल्याए। पछि दुबैजना त्यहाँबाट फर्के।

बीचमा पुगसिकेपछि अतिपण्डितले साथीलाई भन्यो- "हेर मित्र ! हाम्रो टोलमा बस्ने मानिसहरू राम्रा छैनन्। हाम्रा आफन्तहरू पनि राम्रा छैनन्। त्यसैले यो पैसा सबै यही जंगलको कुनै ठाउँमा गाडेर जाऊं। चाहिने बेलामा चाहिए जति-जति मात्र लिन आऊं, हुँदैन र ?"

बोधिसत्व सोझो थियो। लप्पनछप्पन केही पनि जान्दैनथे। त्यसैले साथीको त्यो कुरालाई हो त भनी माने।

दुबैजना धन त्यही गाडेर घरमा फर्के। पछि एकदिन अतिपण्डित आफू एक्लै गएर जंगलको सबै पैसा लिएर आयो। बाबुचाहिंलाई पनि त्यो कुरा सुनायो र भन्यो- "फलानो दिनमा म र मेरो साथी पण्डित दुबैजना मिलेर जंगलमा पैसा लिन जानेछु। पैसा त्यहाँ नहुंदा म पण्डितलाई चोर दोष लगाउनेछु, बुबा त्यहाँ खोक्रो भएको एउटा रूखको भित्र बस्नुभएर नकलि देवता भएर बस्नुहोला। हामी दुबैजनामा झगडा



Downloaded from http://dhamma.digital/

हुनेछ । हामी दुबै जना त्यही खोक्रो परेको रूखमा आएर हामी दुइजनामध्ये कसले पैसा चोरेको हो भनी सोध्नेछौं । त्यतिबेला बुबाले पण्डित नै चोर हो भनी भनिदिनुस् । यसरी सबै पैसा पच्नेछ ।"

आफ्नो योजनाअनुसार अतिपण्डित बोधिसत्व साथीकहाँ गएर भन्न गयो- "साथी, खर्च गर्न पैसा भएन । जाऊं, गाडिराखेको ठाउँबाट पैसा लिएर आऊं ।"

हुन्छ भनी दुबैजना जंगलमा गए । गाडेको ठाउँमा खनेर हेऱ्यो । त्यहाँ पैसा थिएन । अतिपण्डितले भन्यो- "ए पण्डित ! तिमी त जाली रहेछौ । हेर्दा मात्र सोझो देख्छौ । तिमीले पैसा सबै लिएर गयौ, होइन ?"

पण्डितले भने- "के कुरा गरेको साथी ? मैले यहाँको धन कहाँ लिएको छु र ?"

यही कुरालाई लिएर दुबैजनामा झगडा हुनथाल्यो । अतिपण्डितले भन्यो- "हामी दुइजना यहाँ झगडा गरेर के गर्ने ? यहाँ कोही पनि साक्षी छैन । बरू ऊ त्यो रूखमा देवता छ जस्तो देखिन्छ । जाऊं, त्यहीं गएर देवतासंग सोध्न जाऊं । हामी दुईमध्ये



Downloaded from http://dhamma.digital/

कसले पैसा लिएको भन्ने निर्णय त्यहाँबाट जे हुन्छ, त्यही कुरालाई मन्जुर गर्नुपर्ला, हुन्न र ?"

बोधिसत्व पण्डितलाई ठीकै लाग्यो । दुबैजना रूखनिर गएर झगडाको सबै कारण सुनायो । फेरि हात जोडेर प्रार्थना पनि गऱ्यो- "भो बृक्षदेवता, हामी दुईमध्ये को चोर हो, बताइदिनुपऱ्यो ।"

रूखभित्र बसिराखेको अतिपण्डितको बुबाचाहिंले स्वरलाई परिवर्तन गरेर भनेर ल्यायो- "पण्डित नै चोर हो ।"

यो निर्णय सुनेर पण्डितले विचार गऱ्यो, अन्यायपूर्वक न्याय गर्ने पक्कै पनि सकली देवता हुनसक्दैन । देवता हो कि होइन भन्ने कुरा अहिल्यै परीक्षा गरेर हेर्नेछु ।

बोधिसत्वले यताउताबाट पराल, काठ आदि थुपारेर रूखको चारैतिर राख्यो । पछि त्यसमा आगो लगाइदियो । आगो हेर्दाहेर्दै दन्केर आयो । अतिपण्डितको बुबा भित्र बसिराख्न सकेन । आफ्नो ज्यान बचाउनको लागि रूखबाट बाहिर निस्क्यो र भन्यो- "अतिपण्डित नै चोर हो । त्यही मेरो मूर्ख छोराले गर्दा झण्डै मेरो ज्यान जान लागेको थियो । पण्डित चोर होइन । ऊ निर्दोष छ ।"

Downloaded from http://dhamma.digital/

यति भनेर ऊ त्यहाँबाट भाग्न खोज्यो। अतिपण्डित पनि त्यहाँबाट भाग्न खोज्यो तर बोधिसत्वले दुबैजनालाई समातेर घरमा लगे र ल्याइराखेको धन आफ्नो भागको आधा आधा गरेर लिए।

यहाँ बोधिसत्वमा व्यवहारिक प्रज्ञा भएको कारणले गर्दा आफ्नो धनको भाग लिन पाएको हो। पण्डितले त्यस्तो बेइमान साथीसंग के कुरा गरिराख्ने, के झगडा गरिराख्ने भनेर चुपो लागेर बसेनन्। व्यवहारिक रूपले यहाँ बोधिसत्वले अन्याय गर्ने देवता सकली देवता हुन सक्तैन भनेर आगो लगाइदिएको र साझा व्यापारबाट लाभ भएको आधा आधा धन बाँडेर लिनुपरेको हो।

ठग साथीलाई बोधिसत्वले गरेको व्यवहार उचित देखिन्छ। अन्यथा बेइमानहरू झन् झन् बढ्दै जाने हुन्छ। धर्म र न्याय भन्ने नै हुँदैनथ्यो। त्यसैले हामीलाई पण्डित बोधिसत्वको ज्ञान कामलाग्दो जस्तो देखिन्छ।



Downloaded from http://dhamma.digital/

# लेखकका प्रकाशित
# नेपालभाषाका अन्य पुस्तकहरू

१. गौतम बुद्ध
२. बुद्धया अर्थनीति (संयुक्त)
३. तथागत हृदय
४. त्याग
५. दश संयोजन (सं.)
६. भिक्षुया पत्र (भाग १,२)
८. पेकिङ्ग स्वास्थ्य निवास
९. बौद्ध शिक्षा
१०. न्हापां याम्ह गुरु सु ?
११. माँ-बौ लुमन
१२. हृदय परिवर्तन
१३. बौद्ध ध्यान (भाग १,२)
१५. बाखँ (भाग १,२,३,४,५,६)
२१. भिक्षु जीवन
२२. भिंम्ह मचा
२३. बाखँया फल (भाग १,२)
२५. धम्मचक्कप्पवत्तन सुत्त
२६. क्षान्ति व मैत्री
२७. बोधिसत्व

Downloaded from http://dhamma.digital/

२८. मूर्खम्ह पासा मज्यू
२९. श्रमण नारद (अनु.)
३०. ईर्ष्या व शंका
३१. चरित्र पुचः (भाग १,२)
३३. योगीया चिट्ठी
३४. पालि प्रवेश (भाग १,२)
३६. धर्म मसीनि
३७. सर्वज्ञ (भाग १,२)
३९. दुःख मदैगु लँपु
४०. शिक्षा (भाग १,२,३,४)
४४. दान
४५. चमत्कार
४६. बुद्धया व्यवहारिक पक्ष धर्म
४७. व्यवहारिक प्रज्ञा
४८. दीर्घायु जुइमा
४९. ज्ञानमार्ग (भाग १,२)
५१. बौद्ध नैतिक शिक्षा
५२. भिगू बन्धन
५३. मनू म्हसस्केगु गय्
५४. संस्कृति
५५. बुद्धया करुणा व ब्रह्मदण्ड
५६. धर्मया ज्ञान
५७. कर्म व कर्मफल
५८. अमृतदान

Downloaded from http://dhamma.digital/

# लेखकका छापिसकेका अन्य पुस्तकहरू

१) नेपाल चीन मैत्री
२) बौद्ध दर्शन
३) बुद्ध र व्यवहारिक धर्म
४) पञ्चशील
५) शान्ति
६) नारी हृदय
७) पेकिङ्ग स्वास्थ्य निवास
८) बौद्ध संस्कार (दो.सं.)
९) बौद्ध जगतमा स्वास्थ्य सेवा
१०) निरोगी
११) बुद्धको विचारधारा
१२) मैंले बुझेको बुद्धधर्म
१३) बौद्ध नैतिक शिक्षा (भाग १)
१४) बौद्ध ज्ञान
१५) बुद्ध र बुद्धधर्मको संक्षिप्त परिचय
१६) धर्म चिन्तन
१७) बौद्ध ध्यान (विपस्सना ध्यान)
१८) सम्यक शिक्षा (भाग १)
१९) आर्यसंस्कृति
२०) आर्यशील र आर्यमार्ग
२१) सम्यक शिक्षा -भाग २
२२) सम्यक शिक्षा -भाग ३
२३) निन्दाबाट बच्ने कोही छैन
२४) बुद्धकालीन प्रजातन्त्र र समाजवाद
२५) नारीहरुमा पनि बुद्धि छ
२६) बुद्धकालीन संस्कृति
२७) बुद्धकालिन संस्कृति र परिस्थिति
२८) पहिलो गुरु को हुन् ?
२९) बुद्धको संस्कृति र महत्व
३०) शान्ति र मैत्री (अनु. वीर्यवती)
३१) धर्म र हृदय
३२) बोध कथा र बौद्ध चरित्र
३३) कर्म र कर्मफल (अनु. भिक्षु संघरक्षित)
३४) भिक्षु जीवन (अनु. भिक्षु संघरक्षित)
३५) दश संयोजन (अनु. भिक्षु संघरक्षित)
३६) २१ औं शताब्दीमा बुद्धको शिक्षा किन ?
३७) चित्त शुद्ध भए जीवन उज्ज्वल हुनेछ
३८) धर्म जीवन जिउने कला
३९) बुद्धको जीवनोपयोगी शिक्षा
४०) नकली देवता
४१) आमा बाबुको सेवा
४२) बुद्ध र बुद्धको धर्म
४३) समाजको लागि बुद्धको शिक्षा
४४) मानिसलाई असल बनाउने बुद्धको शिक्षा
४५) व्यवहारिक प्रज्ञा (अनु. भिक्षु संघरक्षित)

Downloaded from http://dhamma.digital/